छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्



## 'हुँकार मधेश' अभियान शुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश केन्द्रित विभिन्न दलबाट विद्रोह गरेका युवाहरूको एक समूहले वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्ने भन्दै 'हुँकार मधेश' अभियान घोषणा गरेका छन् ।

काठमाण्डुमा शुक्रबार एक कार्यक्रम गर्दै परम्परागत राजनीतिक शैली र संस्कारबाट आजित नयाँ पुस्तालाई सक्रिय राजनीतिमा जोड्ने लक्ष्यसहित हुँकार मधेश अभियान घोषणा गरेको जनाएका छन् ।

राजनीतिलाई 'डर्टी गेम'का रूपमा चित्रित गर्ने प्रवृत्तिका कारण राजनीतिबाट टाढिँदै गएका सक्षम युवालाई समेटेर अघि बढ्ने अभियानको उद्धेश्य रहेको बताइएको छ ।

यस अभियानले मधेशको विविध मुद्दाहरूलाई उठान गर्दै युवा नेतृत्वमा जोड दिएको छ। अभियानले नेपाललाई सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र र बहुभाषिक राज्यको रूपमा स्वीकार गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, समानुपातिक समावेशीता र नागरिकको सर्वोच्चताप्रति प्रतिबद्धता जनाएको छ ।

हुँकार मधेशले देशमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक समस्याहरूको समाधानका लागि संघीयतावादी, पहिचानवादी, अधिकारवादी र प्रगतिशील शक्तिहरू एकजुट हुनुपर्ने आवश्यकता औंल्याएको छ ।

घोषणा कार्यक्रममा जसपा नेपालका पूर्वमहासचिव रामकुमार शर्मा, राजनीतिक विश्लेषक सिएन थारु, बुद्धिछिरिङ मोक्तान, लोकतान्त्रिक विद्यार्थी संगठनका पूर्वअध्यक्ष रोशन कुमार शर्मा, राष्ट्रिय मुक्ति पार्टी छोडेर आएका चन्द्रनाथ मिश्रलगायत सहभागी थिए ।

### धनुषा कांग्रेसमा समानान्तर गतिविधि

# देउवा समूहबाट कोमलकान्त झालाई महाधिवेशन तयारीको जिम्मेवारी

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसको संस्थापन पक्ष वडा अधिवेशनमा केन्द्रित भइरहेका बेला निवर्तमान सभापति शेरबहादुर देउवा समूहको समानान्तर संगठनात्मक गतिविधि धनुषामा पनि शुरु भएको छ ।

नेपाली कांग्रेसको १५औं केन्द्रीय महाधिवेशनलाई लक्षित गर्दै संस्थापन समूह वडा अधिवेशनमा व्यस्त रहेकै क्रममा देउवा समूहले मधेश प्रदेशको धनुषासहित विभिन्न जिल्लामा संगठनात्मक गतिविधिलाई तीव्रता दिएको छ । देउवा समूहले धनुषामा महाधिवेशन सम्बन्धी तयारी, समन्वय तथा संगठन परिचालनको जिम्मेवारी नेता कोमलकान्त झालाई दिएको छ ।

नेपाली कांग्रेस धनुषाका जिल्ला उपसभापति लक्ष्मीनारायण यादवको सभापतित्वमा भएको बैठकमा पूर्वसांसद स्मृतिनारायण चौधरी प्रमुख अतिथि थिए ।

सो बैठकमा कांग्रेसको १५औं महाधिवेशनलाई लक्षित गर्दै वडा तहदेखि जिल्ला तहसम्म संगठनात्मक तयारी अघि बढाउने, नेता-कार्यकर्ताबीच समन्वय बढाउने तथा अधिवेशनका लागि आवश्यक तयारीलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको बताइएको छ ।

देउवा समूहले प्रस्ताव गरेको कार्यतालिकालाई आधार मान्दै आगामी असोज १५ गते वडा अधिवेशन, असोज २० गते पालिका अधिवेशन, असोज २३ गते क्षेत्रीय अधिवेशन, कार्तिक १५ गते जिल्ला अधिवेशन र मंसिर ४ गते प्रदेश अधिवेशन गर्ने तथा मंसिर २१, २२ र २३ गते केन्द्रीय महाधिवेशन गर्ने तयारी अघि बढाइएको छ ।

धनुषामा पनि सोही कार्यतालिकालाई आधार बनाएर संगठनात्मक गतिविधि सञ्चालन गर्ने र



जिल्लास्तरीय नेताबीचको छलफल तथा समन्वयलाई निरन्तरता दिने देउवा पक्षका नेताहरूले बताएका छन् ।

कांग्रेसको महाधिवेशन प्रक्रिया अघि बढ्दै गर्दा पार्टीभित्र संस्थापन र देउवा समूहबीच संगठनात्मक प्रभाव विस्तार गर्ने प्रतिस्पर्धा पनि देखिन थालेको छ। संस्थापन पक्ष वडा अधिवेशनको तयारीमा केन्द्रित भइरहेका बेला देउवा समूहले पनि जिल्लादेखि स्थानीय तहसम्म आफ्ना नेता-कार्यकर्तालाई परिचालन गर्दै समानान्तर रूपमा तयारी अघि बढाएको हो ।

दुवै समूहले संगठनमा आफ्नो प्रभाव र पकड रहेको दाबी गर्दै आएका छन् । विशेषगरी मधेश प्रदेश कांग्रेसको आन्तरिक शक्ति सन्तुलनका दृष्टिले महत्वपूर्ण क्षेत्र भएकाले महाधिवेशनको तयारीसँगै यहाँ दुवै पक्षको गतिविधि बढेको देखिन्छ ।

मधेशका जिल्लाहरूमा वडा, पालिका, क्षेत्र र जिल्ला तहका अधिवेशनमा प्रतिनिधि तथा नेतृत्व चयन हुने भएकाले प्रारम्भिक तहकै संगठन परिचालनलाई दुवै समूहले महत्व दिएका छन् । त्यसका लागि स्थानीय नेता, क्षेत्रीय पदाधिकारी, भ्रातृ तथा शुभेच्छुक संस्थाका प्रतिनिधि र युवा-महिला कार्यकर्तालाई आ-आफ्नो पक्षमा सक्रिय बनाउने प्रयास भइरहेको छ ।

कांग्रेसको आन्तरिक राजनीतिमा मधेश प्रदेश लामो समयदेखि महत्वपूर्ण प्रभाव क्षेत्रका रूपमा रहँदै आएको छ। आगामी महाधिवेशनको तयारीसँगै मधेशका जिल्लाहरूमा हुने वडा, पालिका, क्षेत्रीय तथा जिल्ला अधिवेशनले प्रदेश र केन्द्रीय तहको नेतृत्व चयनमा प्रभाव पार्ने भएकाले दुवै समूहले प्रारम्भिक संगठन निर्माण र प्रतिनिधि परिचालनलाई प्राथमिकता दिएका छन् ।

धनुषासहित मधेशका अन्य जिल्लामा पनि समूहगत बैठक, भेटघाट, छलफल र संगठन परिचालनका गतिविधि बढ्दै जान थालेका छन् । यद्यपि कुन समूहको संगठनात्मक प्रभाव कति छ भन्ने निष्कर्ष निकाल्न अधिवेशनबाट चयन हुने प्रतिनिधि र त्यसपछि हुने नेतृत्व प्रक्रियाको परिणाम पर्खनुपर्ने हुन्छ ।

यसैबीच कांग्रेसभित्रको संस्थापन र देउवा समूहबीचको प्रतिस्पर्धा औपचारिक संगठनात्मक प्रक्रियाभन्दा बाहिर गएर विभाजनको अवस्थामा पुगेको भन्ने राजनीतिक दाबीहरू पनि सार्वजनिक हुन थालेका छन् । तर पार्टी औपचारिक रूपमा विभाजित भएको अवस्था भने नरहेको र दुवै पक्षले एउटै पार्टीको महाधिवेशन प्रक्रियाभित्र आ-आफ्नो प्रभाव विस्तार गर्ने तयारी गरिरहेका छन् ।

मधेशमा देखिएको यो सक्रियता त्यसैले केवल धनुषाको जिल्ला तहको गतिविधिमा सीमित नभइ कांग्रेसभित्रको आगामी नेतृत्व तथा प्रतिनिधि चयन प्रक्रियासँग जोडिएर शक्ति परिचालनका रूपमा पनि हेरिएको बताइन्छ ।

यता शनिबार देउवा समूहले जनकपुरधाममा पत्रकार सम्मेलनसमेत आयोजना गरिएको जनाएको छ ।

यस बैठकमा पूर्वसांसद प्रमिला दास, पूर्वजिल्ला सभापति महेशशंकर गिरी, जिल्ला सचिव कन्हैया कर्ण, वरिष्ठ नेता गणेश तिवारी, जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह, जिल्ला समन्वय समिति धनुषाकी उपसभापति संगिता ठाकुर, मुस्लिम संघ धनुषाका अध्यक्ष मो. इब्राहिम, क्षेत्रीय सभापति रामचन्द्र पजियारलगायत नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

### वर्षा रोकिएपछि पुनर्निर्मित बीपी राजमार्गबाट आवागमन

# मधेशसँग काठमाण्डुको सडक सम्पर्क सहज हुने दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम।अविरलवर्षाका कारण बीपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकका विभिन्न स्थानमा पहिरो र लेदो खसेर सडक अवरुद्ध भएपछि वर्षा रोकिएलगत्तै पुनर्निर्मित पुरानै सडक ट्र्याकबाट सवारीसाधन सञ्चालन गरिने भएको छ। रोशी खोलामा बनाइएको अस्थायी डाइभर्सन बाढीले बगाएपछि सडक विभागले पुनर्निर्मित ट्र्याकबाटै आवागमन सञ्चालन गर्ने तयारी गरेको छ।

अहिले अविरल वर्षाका कारण बिपी राजमार्ग अन्तर्गत काभ्रेपलाञ्चोकको विभिन्न सडक खण्डमा पहिरो जाँदा तथा लेदाले राजमार्ग पूर्णरुपमा अवरुद्ध छ।

रोशी खोलाको बाढीले सम्पूर्ण अस्थायी डाइभर्सन बगाएपछि पुनर्निर्मित पुरानै सडक-ट्र्याकबाट सवारी आवागमन गराइने डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ।

डिभिजन सडक कार्यालय भक्तपुरका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशका अनुसार वर्षा रोकिएपछि पुनर्निर्मित सडक ट्र्याकको अवस्था निरीक्षण गरी आवश्यक मर्मत गरेर सवारीसाधन सञ्चालन गरिनेछ। वर्षाका कारण जोखिम बढेकाले हाल नयाँ निर्माणाधीन सडकबाट नियमित यातायात सञ्चालन गर्न नसकिने उनले बताए।

पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई संघीय राजधानी काठमाण्डुसँग जोड्ने छोटो दूरीको बीपी राजमार्ग मधेश प्रदेशका लागि समेत महत्वपूर्ण सडक मार्ग हो। धुलिखेल-सिन्धुली-बर्दिबास जोड्ने यो राजमार्गले मधेश प्रदेशका बर्दिबास, सिन्धुली हुँदै काठमाण्डुसम्मको सडक सम्पर्कलाई छोटो बनाएको छ। राजमार्ग अवरुद्ध हुँदा मधेशका



विभिन्न जिल्ला र काठमाण्डुबीच हुने यात्रु तथा मालवाहक सवारी आवागमनमा समेत प्रत्यक्ष असर पर्ने गरेको छ।

विसं २०८१ असोजमा आएको बाढीपहिरोबाट काभ्रेपलाञ्चोकतर्फ करिब २५ किलोमिटर सडकमा क्षति पुगेपछि रोशी खोलामा अस्थायी डाइभर्सन निर्माण गरेर यातायात सञ्चालन गरिँदै आएको थियो। तर, पछिल्लो बाढीले डाइभर्सनसमेत बगाएपछि पुनर्निर्मित सडक ट्र्याकलाई वैकल्पिक आवागमन मार्गका रूपमा प्रयोग गर्न लागिएको हो।

जल तथा मौसम विभागको प्रक्षेपणलाई मध्यनजगर गर्दै राजमार्ग अन्तर्गत काभ्रेपलाञ्चोक खडकखण्डमा ८ गतेदेखि १२ गते बिहानसम्म साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म सवारी आवागमनमा रोक लगाइएको छ। जिल्ला प्रशासन कार्यालय धुलिखेलले बाढीपहिरोको अवस्था हेरि दिनको समयमा पनि बन्द गर्नसक्ने जनाएको छ।

त्यस राजमार्गमा पछिल्ला केही महिनादेखि पुनर्निर्माणकार्यलाई तीव्रता दिइँदै आइएको थियो। नेपालको पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई संघीय राजधानी काठमाण्डुसँग जोड्ने छोटो दूरीको उक्त राजमार्गमा यसअघि वर्षा हुनेबित्तिकै रोशीको बाढीले अस्थायी रुपमा बनाइएको डाइभर्सन बगाउने हुँदा अवरुद्ध भइहाल्थ्यो।

हाल कार्यालयले पुनर्निर्मित ट्र्याकमा वर्षामा सकेसम्म राजमार्ग अवरुद्ध हुन नदिने गरी तथा अवरुद्ध भइहाले आधा घण्टाभित्र सञ्चालनमा ल्याउने तयारी समेत गरिएको योगेशले बताए।

उनको अनुसार साविककै स्थानमा पुनर्निर्माण भएका अधिकांश खण्डबाट पनि आवागमन हुँदै आएको थियो। पछिल्लो समय चौकीडाँडादेखि कटुञ्जेबेँसी,लाष्कोट,चारसयबेँसी, नार्के, चिउरीबास, बोक्सीकुना हुँदै पिप्लेसम्म पुरानै ट्र्याकबाट आवागमन गराउँदै आइएको थियो।

चौकीडाँडा, चारसयबेँसी, घुमाउनेबेँसी, बोक्सीकुना, चिउरीबास, कालढुंगा तथा पिप्ले-बर्खेखोला क्षेत्रलाई कार्यालयले उच्च जोखिमयुक्त स्थानका रुपमा पहिचान गरेको छ। दुई वर्षअघिको बाढीपहिरोले राजमार्गअन्तर्गत भकुन्डेबेँसीदेखि नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो।

उक्त राजमार्ग यसअघिको बाढीबाट क्षति भएका अधिकांश स्थानमा ग्राभेलसम्मको काम तथा केही स्थानमा भने वर्षाका ठूला ढुंगा राखेर सडक तयार गरिएको हो। हाल वर्षायामअघि सात मिटर उचाइसम्म सडक बनाएर ग्राभेल राख्न थालिएको थियो भने वर्षापछि खोलाबाट करिब १० मिटर उचाइसम्म सडक बनाएर कालोपत्र गरिने जनाइएको छ।

कतिपय स्थानमा आरसिसी वालको फाउण्डेसन पूरा भइ अन्य काम भइरहेको छ भने ट्र्याक निर्माण भएका सडकमा ग्राभेल हार्लिकाले सवारीसाधन सञ्चालनमा कुनै समस्या आउने छैन।

क्षतिग्रस्त खण्ड पुनर्निर्माणका लागि सरकारले आठ अर्ब ५० करोड रुपैयाँ स्रोत सहमति दिएको छ। जसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई सात अर्ब ५० करोड रुपैयाँ र सिन्धुलीको एक सडकखण्डलाई एक अर्ब रुपैयाँको स्रोत सहमति दिइएको छ।

क्षतिग्रस्त चार खण्डमध्ये बाँकी एक खण्ड बर्खेखोलादेखि पिप्लेसम्मको तीन दशमलव दुई किलोमिटर सडक निर्माणको काम जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले पुनर्निर्माण गरिरहेको छ। जाइकाले उक्त खण्डमा माटो भरेर बोल्डर (ठूला ढुंगा) राख्ने काम गरेको जनाएको छ। वर्षाका समयमा पनि यस खण्डमा खोलाबाट सवारीसाधन चलाउनुपर्ने अवस्था नभएको योगेशले बताए। राजमार्ग अन्तर्गत काभ्रेपलाञ्चोकतर्फ तीन र सिन्धुलीतर्फ एक गरी चार प्याकेज बनाएर ठेक्का सम्झौता गरी कामअघि बढाइएको छ।

अबको पुनर्निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको छ। उनको अनुसार पाँच वटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ। तीनवटै खण्डमा छ दशमलव तीन किलोमिटर आर सिसी पर्खाल निर्माण हुनेछ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/०५४ धुलिखेल-सिन्धुली-बर्दिबाससम्मको एक सय ६० किमी बिपी राजमार्ग निर्माण कार्य शुरु गरिएको थियो। सो सडक खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको विसं २०७२ असार १८ गते औपचारिक रुपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो।



# एनसेलले सरकारलाई बुझायो १७ अर्बबढी कर तथा शुल्क

जनकपुरधाम । निजी दूरसञ्चार सेवा प्रदायक एनसेलले आर्थिक वर्ष २०८२/८३ मा कर तथा विभिन्न सरकारी शुल्कबापत १७ अर्ब २४ करोड ४६ लाख रुपैयाँभन्दा बढी भुक्तानी गरेको जनाएको छ।

कम्पनीका अनुसार गत आवमा सरकारलाई गरेको कुल भुक्तानी १७ अर्ब २४ करोड ४६ लाख २३ हजार ८ सय ८१ रुपैयाँ पुगेको हो। एनसेल सूचना तथा सञ्चार प्रविधि (आईसीटी) क्षेत्रका ठूलो करदाता कम्पनीमध्ये एक रहेको जनाएको छ।

कम्पनीले बुझाएको रकममध्ये सबैभन्दा ठूलो हिस्सा विभिन्न लाइसेन्स, रोयल्टी, फ्रिक्वेन्सी, भन्सार तथा कर शीर्षकमा गएको छ।

विवरण अनुसार जीएसएम मोबाइल लाइसेन्स नवीकरण शुल्कको किस्ताबापत ३ अर्ब २९ करोड रुपैयाँ भुक्तानी गरिएको छ। इन्टरनेट सेवा प्रदायक लाइसेन्स नवीकरण शुल्कबापत भने २ लाख ७० हजार रुपैयाँ तिरिएको कम्पनीले जनाएको छ।

यस्तै, एनसेलले भन्सार महसुलतर्फ १ अर्ब १ करोड रुपैयाँ, रोयल्टीबापत १ अर्ब २ ९ करोड रुपैयाँ र फ्रिक्वेन्सी शुल्कबापत १ अर्ब ९६ करोड रुपैयाँ सरकारलाई बुझाएको छ।

बिक्रीमा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) अन्तर्गत कम्पनीले २ अर्ब ६३ करोड रुपैयाँ भुक्तानी गरेको जनाएको छ। स्रोतमा कर कट्टीबापत ९८ करोड ८५ लाख रुपैयाँ र ग्रामीण दूरसञ्चार विकास कोषमा ६४ करोड ९६ लाख रुपैयाँ योगदान गरिएको छ।

सरकारले ग्रामीण दूरसञ्चार विकास कोषमार्फत संकलित रकमलाई देशका विभिन्न क्षेत्रमा डिजिटल पहुँच विस्तार, दूरसञ्चार पूर्वाधारको विकास तथा सहरी र ग्रामीण क्षेत्रबीचको डिजिटल दूरी घटाउन प्रयोग गर्ने नीति लिएको छ।

नेपाल सरकारले गत वैशाखमा कर भुक्तानीका आधारमा कम्पनीलाई आईसीटी क्षेत्रको सबैभन्दा बढी आयकर तिर्ने करदाताका रूपमा सम्मान गरेको एनसेल समेत जनाएको छ। कम्पनी हरेक वर्ष ठूलो करदाता कम्पनीको सूचीमा पर्दै आएको दाबीसमेत गरेको छ।

एनसेलले आफ्नो स्थापनादेखि आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म विभिन्न कर तथा शुल्क शीर्षकमा सरकारलाई झण्डै ३ खर्ब ७५ अर्ब रुपैयाँ भुक्तानी गरिसकेको जनाएको छ।

# बहत्तर घण्टाभित्र जुनसुकै ठाउँमा हतियार पु-याउन सक्ने विश्वसँग किसानलाई जीविकोपार्जनका साधनबाट वञ्चित गर्न कुनै बहाना बनाउनु हुँदैनः प्रधानमन्त्री साह

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले ७२ घण्टाभित्र संसारको जुनसुकै ठाउँमा हतियार पु-याउन सक्ने विश्वसँग एउटा किसानलाई सम्मानजनक जीविकोपार्जनका साधनबाट वञ्चित गर्न कुनै बहाना बनाउनु नहुने बताउनुभएको छ।

संयुक्तराष्ट्रसंघको ८१औँ महासभालाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री शाहले भन्नुभयो, "अन्तरमहादेशीय क्षेप्यास्त्र समयमै पुग्छन्। राइफल र गोलीगठ्ठा सबै अवरोध तोड्दै समयमै सीमा पार गर्छन्। तर नेपालका एक किसानले आवश्यकता परेको समयमा बजार मूल्यमा मल वा इन्धन खरिद गर्न सक्नुहुन्न।"



प्रधानमन्त्री साहले जहाँ युद्धका लागि आवश्यक सामान आपूर्ति गर्न सजिलो छ, तर खाद्यान्नका लागि निकै कठिन रहेको बताउनुभयो। "यो नेपालको मात्रै दुर्भाग्य होइन।

बङ्गलादेशलाई सोध्नुहोस्। भुटानलाई सोध्नुहोस्। भारतलाई सोध्नुहोस्। माल्दिभ्सलाई सोध्नुहोस्। पाकिस्तानलाई सोध्नुहोस्। श्रीलङ्कालाई सोध्नुहोस्", उहाँले भन्नुभयो, "हाम्रो क्षेत्रका अन्य कुनै पनि देशलाई सोध्नुहोस्। तपाईंले उस्तै जवाफ पाउनुहुनेछ।"

प्रधानमन्त्री साहले साना र गरिब देशको उपस्थिति महसुस गर्ने तथा न्यायपूर्ण परिणामका लागि सँगै काम गर्ने संयुक्त राष्ट्रसङ्घ आवश्यक रहेकामा जोड दिनुभयो। उहाँले भन्नुभयो, "त्यसैले जलवायु न्याय पैसाको विषय मात्रै होइन। यो खर्च कसले बेहोर्छ भन्ने वितरणात्मक न्यायको विषय हो। यो कसको आवाज सुनिन्छ भन्ने प्रक्रियागत न्यायको विषय हो। साथै पर्वतीय समुदाय, साना टापु राष्ट्र, भू-परिवेष्ठित तथा कम विकसित देश र जन्मिन बाँकी पुस्ताको भविष्यलाई समान रूपमा महत्व दिइन्छ कि दिइँदैन भन्ने विषय पनि हो।"

'जलवायु न्याय' संयुक्त राष्ट्रसंघको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुन नहुने उल्लेख गर्दै प्रधानमन्त्री साहले हाम्रा देशका नागरिकहरूलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री साहले भन्नुभयो, "हिन्दूकुश हिमालय करिब दुई अर्ब नागरिकको घर हो। यी पर्वतहरूले नेपालभन्दा धेरै परसम्म रहेका जनसंख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्छन्। हिमालय पृथ्वीको छेउमा रहेको भूभाग मात्रै होइन, यो पृथ्वीको जीवन-सहयोग प्रणालीको महत्वपूर्ण हिस्सा पनि हो।"

गत भदौ १० गते रसुवाको भोटेकोशीमा गएको बाढीबाट भएको जनधनको क्षतिबारे जानकारी गराउँदै प्रधानमन्त्री शाहले अझै कयौँ परिवार घर नफर्कने आफ्ना प्रियजनलाई पर्खिरहेका र कयौँ समुदाय लेदो, ढुङ्गामाटो, पानीभित्र आफ्ना मानिसको खोजी गरिरहेका उल्लेख गर्नुभयो।

"जसको शरीर अब कहिल्यै नभेटिन सक्छ", उहाँले भन्नुभयो, "ती पुल, सडक, विद्यालय, घर र जीविकोपार्जनका माध्यम निमेषभरमै बगेर गए। एउटा देशबारे जसले दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा निरन्तर प्रगति गरिरहेको थियो त्यसमा अवरोध पुगेको छ।"


तातिँदै गरेको जलवायुले नाजुक हिमालयको पारिस्थितिक प्रणालीलाई अस्थिर बनाएको बताउँदै प्रधानमन्त्री साहले हिउँले जमेको माटो पग्लिँदा हिमालको भिरालो भू-भागमा चिरा परेका र हिमचट्टानसहितको पहिरो, बाढीलगायत शृंखलाबद्ध जोखिम बढिरहेका उल्लेख गर्नुभयो।

परिणामस्वरुप यस विनाशले नेपाल-चीन सीमाका दुवैतर्फको भू-भागमा ठूलो क्षति पुर्‍याएको र बाढी निरन्तर भारततिर बग्दै गएको उहाँले उल्लेख गर्नुभयो। "यसले हामीलाई एउटा आधारभूत कुरा बताउँछ। जलवायु परिवर्तनले सीमा चिन्दैन। हिमनदी र बाढी 'पासपोर्ट'मा 'भिसा' लगाएर यात्रा गर्दैनन्", प्रधानमन्त्री साहले भन्नुभयो।

नेपालले अहिले पुनःस्थापना र पुनर्निर्माणको विशाल कार्यको सामना गरेको बताउँदै उहाँले बाढीबाट कम्तीमा एक हजार ४०० जनाको मृत्यु भएको पुष्टि भइसकेको र छ हजारभन्दा बढी मानिस अझै बेपत्ता रहेका जानकारी गराउनुभयो। "हाम्रो द्रुत क्षति आकलनअनुसार अब भौतिक पुनःस्थापनाका लागि नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को १० प्रतिशत आवश्यक देखिन्छ", उहाँले भन्नुभयो।

प्रधानमन्त्री साहले सन् २०१५ मा नेपालमा गएको 'गोरखा भूकम्प'पछिको पुनर्निर्माणमा जस्तै यसपटक पनि आफूहरुले ऐक्यबद्धतासहित सबैको सहयोगको अपेक्षा गरेको बताउनुभयो। "तर, यो विपद् नेपालबाहेकका लागि पनि किन अर्थपूर्ण छ भन्ने हामीले बुझ्नुपर्छ। विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम छ," उहाँले भन्नुभयो, "यो सङ्कट हामीले सिर्जना गरेका होइनौँ। तर, यसको ठूलो मूल्य हामीले चुकाइरहेका छौँ। हाम्रा हिमनदी खुम्चिँदै गएका छन्। हाम्रा हिमालका भिराला भू-भाग अस्थिर बन्दै गएका छन्। हाम्रा नदी पूर्वानुमान गर्न नसकिने अवस्थामा पुगेका छन्।" रासस

# भाद्र शुक्ल चतुर्दशीः इन्द्रजात्रा, अनन्त चतुर्दशी पर्व मनाइयो



काठमाण्डु। वर्षा र सहकालका देवता देवराज इन्द्रको पूजा-आराधना गरी आज परम्परागत रुपमा इन्द्रजात्रा पर्व मनाइएको छ।

प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्दशीका दिन पर्ने यो पर्व काठमाण्डु, ललितपुर, भक्तपुर, धुलिखेल, दोलखालगायतका स्थानमा मनाइन्छ। भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोकाअगाडि धार्मिक विधिपूर्वक इन्द्रध्वजासहितको लिङ्गो ठड्याइएपछि प्रारम्भ हुने यो जात्रा विभिन्न प्रकारका नाचगान, रथयात्रा र देवीदेवताको पूजाआजा गरी आठदिनसम्म मनाउने प्रचलन छ।

भाद्र शुक्ल द्वादशीका दिन ठड्याइएको लिङ्गोलाई 'इन्द्रध्वजोत्थान' पनि भनिन्छ। लिङ्गोको फेदमा भैरवको पूजा गरिन्छ। शत्रु पराजय भएपछि विजय मनाउने पर्वका रुपमा इन्द्रजात्रा मनाउने गरिएको हो। इन्द्रध्वजको पूजा गरी शक्ति प्राप्त गरेर प्रदर्शन गर्ने पर्वका रुपमा पनि इन्द्रजात्रालाई लिइन्छ।

यसअघि तान्त्रिक विधिद्वारा पूजा गरी भक्तपुरको नाला सामुदायिक वनमा छोडिएको बोकाले छोएको रूख भाद्र शुक्ल द्वितीयाका दिन काटिन्छ। काटेपछि लिङ्गोलाई उपत्यका भित्र्याउन पनि साइत हेरिन्छ। उपत्यका भित्र्याएपछि एक रात भोटाहिटीमा राखी एकादशीका दिन विधिपूर्वक इन्द्रध्वजाको लिङ्गो तयार पार्ने गरिन्छ।

आजको दिन मुख्य रूपमा मनाइने इन्द्रजात्रा पर्वमा राष्ट्रपतिबाट हनुमानढोकास्थित गद्दी बैठकमा जीवित देवीका रूपमा रहेका गणेश, भैरव र कुमारीको रथयात्रा नजर गर्ने परम्परा छ। राजतन्त्र रहुञ्जेल राजाबाट गणेश, भैरव र कुमारीको रथयात्रा नजर गर्ने परम्परा थियो।

इन्द्रध्वजाको लिङ्गो ठड्याएपछि शुरु भएको जात्राभरि भक्कुनाच, महाकालीनाच, लाखेनाच, दशअवतार तथा देवराज इन्द्रको वाहन ऐरावत हात्तीको प्रतीकका रूपमा पुलुकिसी नाच नचाउने गरिन्छ। इन्द्रध्वजाको लिङ्गो ठड्याएको आठौँ दिनपछि अर्थात् आश्विन कृष्ण चौँथीका दिन 'इन्द्रध्वज पातन' गर्ने अर्थात् लडाउने विधान रहेको 'भरणी नक्षत्रको रातमा लडाउने शास्त्रीय व्यवस्था छ, 'भरण्यां निशि पातयेत्' भनी उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा देवमणि भट्टराईले बताउनुभयो।

यस उपलक्ष्यमा आज उपत्यकाको पश्चिममा पर्ने दहचोकस्थित इन्द्रदहमा रातभर जाग्राम बसी भाद्र शुक्ल पूर्णिमाका दिन शनिबार स्नान गरेर मेला भर्न भक्तजनको घुइँचो लाग्छ।

**अनन्त चतुर्दशी**

भाद्र शुक्ल चतुर्दशीका दिन अनन्तनाथ (भगवान् विष्णु) को पूजा आराधना पनि गरिन्छ। यसैले यस दिनलाई अनन्त चतुर्दशी पनि भनिन्छ। आज चोखो धागोमा अनन्त मन्त्रण गरी बाँध्नाले वर्षभर शुभ हुन्छ भन्ने विश्वास छ।

श्रावण शुक्ल पूर्णिमाका दिन कुनै कारणवश जनै (यज्ञोपवीत) मन्त्रन नपाएकाले आजै मन्त्रने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् भट्टराईले बताउनुभयो। अनन्त चतुर्दशीको व्रत पनि आज गर्नुपर्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ। चतुर्दशीमा इन्द्रजात्रा मनाएपछि पूर्णिमामा इन्द्रदहमा गई स्नान गर्नुपर्ने धार्मिक विधि छ। रासस

# कञ्चनपुरमा तीन वटै सुरक्षा निकायलाई 'चनाखो'

महेन्द्रनगर । कञ्चनपुरमा तीन वटै सुरक्षा निकायलाई 'चनाखो'मा राखिएको छ। भारी वर्षाको पूर्वानुमानपछि सुरक्षा निकायलाई चनाखोमा राखिएको हो।

कञ्चनपुरका सबै पालिकामा सुरक्षा संयन्त्रले सम्भावित डुबानबाट बचाउन उद्धार सामग्रीसहित सुरक्षा निकार्य सर्तक भएका छन्।

सशस्त्र प्रहरी बल ३५ नम्बर गण शैलेश्वरीका गणपति सशस्त्र प्रहरी उपरीक्षक प्रेमप्रकाश सिग्देलले सशस्त्र प्रहरी बलले पाँच वटा स्थानमा विपद् प्रतिकार्यका लागि तालिमप्राप्त जनशक्तिसहित उद्धार सामाग्रीहरु राखिएको जानकारी दिनुभयो।

"कञ्चनपुरमा बाढी र डुबान हुनसक्ने सम्भावना रहेकाले सोही अनुसार तयारी गर्दै रबर बोट र तालिमप्राप्त सशस्त्र प्रहरी टोली एलर्ट छ।"

सशस्त्र प्रहरी उपरीक्षक सिग्देलले भन्नुभयो, "डुबान हुन सक्ने अवस्थायी मध्यनजर गर्दै विपद् व्यवस्थापन तालिमप्राप्त टिमले प्रतिक्रिया जनाउनेछ।"

सशस्त्र प्रहरी बलले पुनर्वास नगरपालिका, बेलौरी, दोधारा चाँदनीको देवीस्थान, भीमदत्त नगरपालिकाको मझँगाउ र शुक्लाफाँटाका लागि गणमा टोली तयारी अवस्था राखिएको सशस्त्र प्रहरी बलले जनाएको छ। सशस्त्र प्रहरीले नदी तटीय क्षेत्रका बिओपीहरुलाई चँनाखो रहन निर्देश गरिएको छ।

त्यसैगरी जिल्लाभर बाढी, डुबान भए तत्काल टोली खटाउनेदेखि जनधनको क्षति हुन नदिन जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा 'कमाण्ड पोष्ट' खडा गरिएको छ। पोष्टले जिल्लाभरको वस्तुस्थिति निगरानीसमेत गरिरहेको छ।

त्यसैगरी नेपाली सेनाको पनि श्री नं २५ बाहिनी अड्डा अर्न्तगतका गण तथा गुल्महरु विपद् प्रतिकार्यका लागि तयारी अवस्थामा रहेको छ।

यहाँ बाहिनीका साथै सेनाको रणसिंह दल गण र बराहदल गुल्मले सम्भावित डुबान तथा बाढी जानसक्ने क्षेत्रका लागि तालिमप्राप्त टिमलाई जिम्मेवारी बाडफाँड गरेको सेनाले जनाएको छ।

यहाँका नौ वटै पालिकालाई सेनाले विभिन्न टोलीलाई जिम्मेवारीअनुरुप बोट, सवार साधन, उद्धार सामग्रीसहित तयारी अवस्थामा राखिएको श्री नं २५ बाहिनी अड्डाले जनाएको छ।

भारी वर्षा हुनसक्ने पूर्वानुमानपछि यहाँका सबै पालिकाहरुले पनि सचेतता फैलाउनुका साथै आवश्यक तयारी गरेका छन्। जिल्ला प्रशासन कार्यालयमा बसेको जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकले विपद्का बेला उद्धार, राहत र नागरिकको सुरक्षालाई ध्यान दिएर प्रतिकार्य योजना अघि बढाइएको छ।

प्रशासनले उच्च सतर्कता अप्नाउन अनुरोधसहितको सूचनासमेत जारी गरिएको बताउँदै भारी वर्षाका बेला यात्रा नगर्न, महाकाली, जोगबुढा, मछेली, दोदा, लगात नदी नाला किनार, तटीय क्षेत्र डुबान हुनसक्ने भएकाले विशेष सतर्कता अपनाउन आग्रह गरिएको छ।

यता जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले प्रहरी टोली सम्भावित विपद्को पूर्वतयारीसहित तयारी अवस्थामा रीखएको बताउनुभयो।

"प्रहरीले तटीय क्षेत्रमा सचेतनाका लागि माइकिङ गर्नुका साथै जिल्लामा समन्वय र सहकार्य गरेर विपद् प्रतिकार्य तथा उद्धार राहतका लागि तयार छ।" उहाँले भन्नुभयो, "अहिलेसम्म क्षति हुने गरी जर्षा भएको छैन।" रासस

# कांग्रेस जनकपुरधाम-९ को सभापतिमा सिंह पुनः चयन



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेश कुमार सिंह जनकपुरधाम उपमहानगरपालिका-९ को वडा सभापतिमा दोस्रो कार्यकालका लागि चयन भएका छन्।

पार्टीको जारी वडा अधिवेशनबाट चयन गरिएको नयाँ कार्यसमिति गठनसम्बन्धी निर्णय अनुसार सिंहलाई पुनः सभापतिको जिम्मेवारी दिइएको हो। वडा कार्यसमिति गठनका लागि भएको छलफलपछि नयाँ कार्यसमिति चयन गरिएको निर्णयमा उल्लेख छ।

निर्णय पत्र अनुसार वडा समितिको उपसभापतिमा विमल मण्डल र पुनम मण्डल (महिला) चयन भएका छन भने सचिवमा हरिशंकर यादव, सहसचिवमा लाल नारायण यादव र कोषाध्यक्षमा चयन भएको हो।

कार्यसमितिको सदस्यमा राम एकवाल साह, राजकरण साह, अरुणकुमार कर्ण, रेखादेवी यादव, राजनारायण यादव, मीना देवी, दीपिका चौधरी र अब्दुला साफी चयन भएको जनाइएको छ।

त्यसैगरी बैठकले क्षेत्रीय प्रतिनिधि चयन सम्बन्धी प्रस्तावमाथि समेत छलफल गरेको छ। महिला क्षेत्रीय प्रतिनिधिका रूपमा ललिता कुमारी यादव, पिकी कर्ण, अञ्जना पण्डित र जगत कुमारी क्षेत्री लगायतर्ला छनौट गरिएको छ।

यसैबीच जनकपुरधाम उपमहानगर वडा नम्बर ९ का वडाअध्यक्ष परमेश्वर साहले नगर सभापति उम्मेदवारी दिने जनाइएको छ। शनिबार हुने नगर अधिवेशनमा उम्मेदवारी दिने घोषना समेत गरेका छन्।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | शिक्षाको क्षेत्रमा गरेको श्रम लगानीबाट धेरै राम्रो हुने योग रहेको छ। |
| वृष : | बोल्दा ख्याल गर्नुहोला, आफ्नै बोलीले समस्यामा पर्ने योग रहेको छ। |
| मिथुन : | मित्रबाट घात हुने सम्भावना छ। |
| कर्कट : | आर्थिक, सामाजिक, धार्मिक क्षेत्रमा उतारचढाव आउँनेछ। |
| सिंह : | मानसिक रुपमा उमङ्ग रहने योग छ। |
| कन्या : | स्वास्थ्य, शिक्षा, रोजगारमा आफू अनुकुल छ। |
| तुला : | आर्थिक कठिनाइ भएपनि शिक्षाको क्षेत्रमा सहयोग मिल्नेछ। |
| वृश्चिक : | बोलीका कारण शत्रु बढ्नेछ। शान्त रहेर बस्नु फाइदाजनक छ। |
| धनु : | अरु क्षेत्रमा यथावत रहेपनि शिक्षाको क्षेत्रमा दायरा फराकिलो हुनेछ। |
| मकर : | आज ठुलो नाफा गर्न सकिदैन भने अरु कार्यमा सामान्य छ। |
| कुम्भ: | तपाईले गरेको श्रम लगानीबाट फाइदा हुने सम्भावना छ। |
| मीन: | शिक्षा, स्वास्थ्य, सामाजिक, राजनीतिक क्षेत्रहरु यथावत रहेका छन्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सामूहिक प्रयास आवश्यक : सभामुख यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले जलवायु परिवर्तनको प्रभाव न्युनिकरणका लागि वातावरण संरक्षण संरक्षण कार्यमा सामूहिक प्रयास आवश्यकता रहेको कुरामा जोड दिएका छन् ।

कार्यक्रममा बोल्दै मधेश प्रदेश नीति आयोगका पुर्व उपाध्यक्ष डा भोगेन्द्र झाले जलवायु शिक्षा बारेमा बालबालिकाहरुले गहन रुपमा जानकारी लिनु आवश्यक रहेको भन्ने कुरामा जोड दिदै तीव्र गतिमा वृद्धि भइरहेको जलवायु परिवर्तनको प्रभाव न्युनिकरण कार्यमा सामूहिक प्रयास आवश्यक रहेको बताए ।



जनकपुरधामस्थित एक निजी क्याम्पसमा आयोजित जलवायु संवाद कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख यादवले मानव सभ्यता संरक्षणका लागि वातावरण संरक्षण गर्दै जलवायु परिवर्तनको प्रभाव न्युनिकरणका लागि दृढ संकल्पित भएर अघि बढ्नुपर्ने आवश्यकता रहेको भने ।

सो कार्यक्रममा समाजिक अभियन्ता रवि कुमार गोयन्काले जलवायु परिवर्तनको प्रभाव न्युनिकरण का लागि समाजिक सहभागिता विषयमा बालबालिकाहरूलाई विस्तारमा जानकारी गराएका छन् ।

# गुठी जग्गा खाली अभियानविरुद्ध प्रदर्शन



**टुडे समाचारदाता**

जनकपुरधाम । गुठी संस्थानको अतिक्रमित जग्गा खाली गराउने अभियानविरुद्ध जनकपुरधाममा प्रदर्शन गरिएको छ ।

गुठीकुट्टी घरजग्गा व्यवस्थापन संघर्ष समितिको अगुवाइमा जिल्ला प्रशासन कार्यालय अगाडिसहित जनकपुरधामका विभिन्न स्थानमा प्रदर्शन गरिएको हो । प्रदर्शनपछि समितिले गुठी संस्थान, जनकपुरधाम उपमहानगरपालिका र जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको छ ।

संघर्ष समितिका अध्यक्ष सन्तोष साहले विगतमा पटक-पटक सरकारलाई ज्ञापनपत्र बुझाए पनि माग सम्बोधन नभएपछि आन्दोलनमा उत्रिनुपरेको बताएका छन् । जनकपुरधामका गुठी तथा कुट्टीको जग्गामा करिब ३० देखि ३५ हजार मानिसले पुस्तौंदेखि घर बनाएर बसोबास गर्दै आएकाहरुलाई बेघर बनाउन खोजिएको आरोप उनको छ ।

सरकारले वास्तविक तथ्यांक तयार नगरी उनीहरूलाई अतिक्रमणकारी भन्दै घरटहरा हटाउने अभियान सञ्चालन गरेको भन्दै समितिले विरोध उनको भनाई छ। समितिले गुठीको जग्गामा बसोबास गरिरहेका परिवारको जग्गा यकिन गरी उचित मुआब्जासहित रैथानी नम्बरीमा परिणत गर्न माग गरेको छ ।

माग सम्बोधन नगरी गुठीको जग्गा खाली गराउने प्रयास गरिए थप सशक्त आन्दोलन गर्ने अध्यक्ष साहले चेतावनी दिएका छन् ।

# ओसीएमसीमा लैंगिक हिंसासम्बन्धी ३ हजार बढी मुद्दा दर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८२/८३ मा लैंगिक हिंसासम्बन्धी मधेश प्रदेशमा एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) मा ३ हजार १६७ वटा मुद्दा दर्ता भएका छन् ।

असोज ७ र ८ गते जनकपुरधाममा आयोजित ओसीएमसीको समीक्षा तथा राष्ट्रिय कार्ययोजनाको स्थानीयकरणसम्बन्धी कार्यशालामा प्रस्तुत तथ्यांक अनुसार दर्ता भएका घटनामध्ये ८९.७ प्रतिशत महिला, १० प्रतिशत पुरुष र ०.३ प्रतिशत अन्य समूहका छन् ।

जातीय समूह अनुसार मधेशी समुदायका ४७.५ प्रतिशत, दलित २२.३ प्रतिशत, मुस्लिम १४.९ प्रतिशत र अन्य समूहका १५.३ प्रतिशत पीडित रहेको तथ्यांकमा उल्लेख छ ।

दर्ता भएका घटनामध्ये ४२ प्रतिशत भावनात्मक हिंसा, २४ प्रतिशत शारीरिक हिंसा र २१.७ प्रतिशत यौन दुर्व्यवहारका छन्। यस्तै, १३० वटा घटना अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित छन् । पीडकको सम्बन्ध खुलेका घटनामध्ये ६७ प्रतिशतमा आफन्तबाटै हिंसा भएको पाइएको छ ।

ओसीएमसीले हिंसा प्रभावित तथा पीडितलाई स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानुनी सहजीकरण, सुरक्षा तथा पुनर्स्थापनासम्बन्धी सेवा उपलब्ध गराउँदै आएको छ । सेवा विस्तारका लागि विभिन्न अस्पतालले पनि छुट्टाछुट्टै कार्यक्रम सञ्चालन गरिरहेका छन् । गजेन्द्रनारायण सिंह अस्पतालले मानसिक स्वास्थ्य उपचार, घर पुनर्मिलन, सीपसँग आबद्धता तथा पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरेको छ । जनकपुरधामको एमआईएचएसले घरदैलो कार्यक्रम, स्वास्थ्यकर्मी अभिमुखीकरण तथा सडक नाटकमार्फत सचेतना फैलाउँदै आएको छ ।



कलैया अस्पतालले रेफरल प्रणाली विकास गरिरहेको छ भने जलेश्वर अस्पतालमा छुट्टै ओसीएमसी कक्ष तथा कानुनी सहजीकरणको व्यवस्था गरिएको छ । तर, ओसीएमसी सञ्चालनमा जनशक्ति, बजेट, सुरक्षित आवास र पुनर्स्थापनाको अभाव मुख्य चुनौतीका रूपमा देखिएको छ ।

फरेन्सिक तथा तालिमप्राप्त चिकित्सक, मनोचिकित्सक र क्लिनिकल मनोविद्को सीमित उपलब्धता तथा पुनर्स्थापना केन्द्रको अभाव रहेको समीक्षामा औंल्याइएको छ । अधिकांश जिल्लामा सुरक्षित आवास गृह नहुँदा हिंसा पीडितलाई सुरक्षित रूपमा राख्नसमेत कठिनाइ भइरहेको जनाइएको छ ।

स्वास्थ्य निर्देशनालय मधेश प्रदेशकी वरिष्ठ नर्स सुनिता गुप्ताका अनुसार ओसीएमसी सेवालाई प्रभावकारी बनाउन २४ घण्टा निःशुल्क तथा एकीकृत सेवा, सुरक्षित र गोप्य वातावरण, केस व्यवस्थापन तथा रेफरल र फलोअप प्रणाली सुदृढ गर्न आवश्यक छ। साथै स्थानीय तह, प्रहरी तथा अन्य सेवा प्रदायकबीच समन्वय बढाउनुपर्नेमा कार्यशालाले जोड दिएको छ ।

# मेयर महतो पार्टीको आरोपबाट पाए सफाई

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो प्रतिनिधि सभाको निर्वाचनमा पार्टीको आधिकारिक उम्मेदवारलाई असहयोग गरेको भनी आरोप लागेका धनुषाको मिथिला नगरपालिकाका मेयर महेन्द्र महतो नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिबाट सफाई पाएका छन् ।

कांग्रेस केन्द्रीय अनुशासन समितिले २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा पार्टीको आधिकारिक उम्मेदवारलाई असहयोग गरेको उजुरीमाथि छलफल गर्दा आरोपबाट सफाइ पाउने ठहर भएको भन्ने महतोलाई पत्र पठाएको पत्रमा उल्लेख छ ।

केन्द्रीय अनुशासन समितिका सचिव दिनेश थापामगरद्वारा हस्ताक्षरित पत्रमा समितिको बैठकको निर्णयअनुसार महतोमाथि लगाइएको आरोपबाट सफाइ पाउने ठहर भएको उल्लेख छ।



यसअघि नेपाली कांग्रेस धनुषा निर्वाचन क्षेत्र नम्बर ४ को क्षेत्रीय कार्यसमितिले महतोले पार्टी हितविपरीत कार्य गरेको ठहर गर्दै साधारण सदस्यसमेत नरहने गरी ६ वर्षका लागि पार्टीबाट निष्कासन गर्न सिफारिस गर्ने निर्णय गरेको थियो । क्षेत्रीय कार्यसमितिले महतो नेपाली कांग्रेसको सदस्य हुँदाहुँदै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सदस्यता लिएको भन्ने आरोप लगाएको थियो ।

साथै, २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा रास्वपाका तर्फबाट उम्मेदवार बन्ने उद्देश्यले जिल्ला कार्यसमितिबाट सिफारिस लिएको र उक्त निर्वाचनमा रास्वपाको प्रचारप्रसार गर्दै चुनाव चिह्न 'घण्टी' मा मतदान गर्न लगाएको आरोप समेत लगाइएको थियो। क्षेत्रीय कार्यसमितिको उक्त सिफारिसमाथि केन्द्रीय अनुशासन समितिले छलफल गरी महतोलाई आरोपबाट सफाइ दिइएको हो ।

# राराब क्याम्पस प्रमुख विरुद्ध विद्यार्थीहरु धर्नामा

**टुडे समाचारदाता**

जनकपुरधाम । त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेका जनकपुरधामस्थित रामस्वरुप रामसागर बहुमुखी क्याम्पस (राराब) क्याम्पसका विद्यार्थीहरु क्याम्पस प्रमुख तथा कर्मचारीहरुले आर्थिक अनियमितता गरेको भनी धर्ना सहितको विरोध प्रदर्शनमा उत्रेका छन् ।

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)का पूर्व सभापति मनिष यादवको नेतृत्वमा क्याम्पसमा अध्ययनरत विद्यार्थी क्याम्पस प्रमुख बसन्त कर्णसहितका कर्मचारीले विद्यार्थीबाट विभिन्न शुल्क वापत असुल गरिएको रकमको दुरुपयोग गरी आर्थिक अनियमितता गरेको भनी धर्नामा उत्रेका हुन् ।

क्याम्पसले गरेका खर्चहरुको हिसाब पारदर्शी गर्नुपर्ने र अनुचित खर्च गरिएका सम्बन्धित रकम फिर्ता, क्याम्पस प्रमुखले राजनीनामा दिनुपर्ने तथा दोषीमाथि कारवाहीको माग गर्दै उनीहरु क्याम्पस गेट अगाडि शुक्रवार बिहानदेखि धर्नामा बसेका छन् । स्ववियू पूर्व सभापति यादवले भने क्याम्पस प्रमुख कर्णले होटल तथा विभिन्न कन्स्ट्रक्सनको नाममा ठेकेदारसँग मिलोमतो करोडौ रुपैया दुरुपयोग गरी खर्च गरेको आरोप लगाए ।

उनले होटल तथा लजमा बसाईका साथै अण्डा खानमै लाखौ रुपैया खर्च गरिनु भनेको क्याम्पसको रकम दुरुपयोग गर्नु हो । यसका साथै विभिन्न व्यक्तिको नाममा समेत लाखौ रुपैया गरिएको उनको आरोप रहेको छ । यादवले आफूरुको माग सम्बोधन नभए कडा आन्दोलनमा चेतावनी समेत दिएका छन् ।

यता क्याम्पस प्रमुख कर्णले यसअघि बिहीवार आफूमाथि गलत आरोप लगाएको भन्ने ध्यानाकर्षणपत्र जारी गर्दै जनाएको छ । उनले केही व्यक्तिले आफ्नो स्वार्थ पूर्ति हुन नसकेको कारण भ्रामक खबर फैलाएको दाबी गरेका थिए ।

# १९ वर्षपछि हत्यामा भूमिगत समूहको संलग्नता रहेको खुल्यो रहस्य

**टुडे समाचारदाता**

रौतहट । करीब १९ वर्षअघि रौतहटमा गोली प्रहार गरेर दुई जनाको हत्या भएका घटनाको अनुसन्धानबाट तत्कालिन भूमिगत समूह तराई जनतान्त्रिक मुक्ति मोर्चामा आवद्ध सुरेन्द्र यादवको मुख्य संलग्ता रहेको खुलेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले एक प्रेस विज्ञप्ति जारी गरी प्रहरीले घटनामा संलग्न रहेको आरोपमा हाल जिल्ला कारागार गौरमा सजाय भुक्तान गरिरहेका एक व्यक्तिको पहिचान गरी थप अनुसन्धान अघि बढाइएको जनाएको छ ।



प्रहरी विवरण अनुसार २०६४ साल वैशाख ३१ गते राति करिब १ बजेको समयमा तत्कालीन धरमपुर गाविस-१, हाल गढीमाई नगरपालिका-६ मा दुई जना माथि अज्ञात समूहले गोली प्रहार गरी हत्या गरेको थियो ।

घटनामा परेर तत्कालीन पिपरिया (दो.) गाविस-३, हाल गरुडा नगरपालिका-७ का ३२ वर्षीय नागेन्द्र बैठा र तत्कालीन गेड्हीगुठ्ठी गाविस-९, हाल गरुडा नगरपालिका-२ का २८ वर्षीय प्रमानन्द सहनीको मृत्यु भएको विज्ञप्तिमा उल्लेख छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डिएसपी बसन्त गौतमले घटना पश्चात लामो समयसम्म हत्यामा संलग्न व्यक्ति वा समूहको पहिचान हुन सकेका थिएन । तर, घटनाको निरन्तर अनुसन्धानका क्रममा जिल्ला कारागार गौरमा अपहरण तथा शरीर बन्धक र संगठित अपराध सम्बन्धी मुद्दामा सजाय भुक्तान गरिरहेका 'वारुद सिंह' भन्ने सुरेन्द्र प्रसाद यादवको मुख्य संलग्नता रहेको पुष्टि भएको बताएका छन् ।

उनका अनुसार यादव तत्कालीन समयमा तराई जनतान्त्रिक मुक्ति मोर्चा (बारुद सिंह) नामबाट परिचित भई भूमिगत संगठनमा सक्रिय रहेको पाइएको छ । घटनाको अनुसन्धानका क्रममा १९ वर्षपछि अभियुक्तको पहिचान खुलेपछि प्रहरीले हत्याको घटनासँग सम्बन्धित थप प्रमाण तथा तथ्य संकलन गर्ने काम अघि बढाइएको डिएसपी गौतमले बताएका छन् ।

लामो समयदेखि अनुत्तरित रहेको उक्त दोहोरो हत्याको घटनामा नयाँ तथ्य सार्वजनिक भएपछि अनुसन्धानबाट घटनाको वास्तविकता थप स्पष्ट हुने डिएसपी गौतमको भनाई छ ।

# ब्राउनसुगरसहित दुईजना पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्ज-पथलैया सडकखण्डअन्तर्गत बाराको जितपुर सिमरा उपमहानगरपालिका-५ बकुलियाबाट ८० ग्राम ब्राउन सुगरसहित सशस्त्र प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल, नेपाल इन्टेलिजेन्स ब्युरोको टोलीले बिहीबार साँझ वीरगन्जबाट पथलैयातर्फ जाँदै गरेको मोटरसाइकल जाँच गर्दा उनीहरूलाई पक्राउ गरिएको जनाइएको छ ।

पक्राउ पर्नेमा पर्साको सखुवाप्रसौनी गाउँपालिका-४ सोलखपुरका २८ वर्षीय हुस्नेन अन्सारी र वीरगन्ज महानगरपालिका-१४ चिनीमिल पिपराका १८ वर्षीय राजनकुमार पासवान रहेका छन्।

उनीहरू सवार मोटरसाइकल जाँच गर्दा करिब ८० ग्राम ब्राउन सुगर फेला परेको छ भने उनीहरूको साथबाट तीन थान मोबाइल, प्र.२-०३००९ प ३७५६ नम्बरको कालो-सेतो रङको हिरो सुपर स्प्लेन्डर मोटरसाइकल, नगद १ हजार १ सय १० रुपैयाँ र एटीएम कार्डसमेत बरामद भएको सशस्त्र प्रहरी मधेस प्रदेश कार्यालयका प्रवक्ता एसएसपी सुभाष भण्डारीले जनाएको छ ।

सशस्त्र प्रहरीको जितपुरस्थित बेसबाट खटिएको टोलीले पक्राउ गरेका दुवै जनालाई बरामद सामानसहित थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय सिमराको जिम्मा लगाएको एसएसपी भण्डारीले जानकारी दिएका छन् ।

# मदरसाबाट भागेर भारत पुगेकी किशोरीहरु घर फर्किन

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको जलेश्वर नगरपालिकास्थित सैईदा फातिमा लिल्बेनात मदरसाबाट भदौ २७ गतेदेखि भागेकी तीनजना किशोरीहरु घर फर्किएका छन् ।

आफन्त इन्डिया फाउण्डेसन, आफन्त नेपाल तथा नेपाल र भारत प्रहरीको संयुक्त प्रयासमा अन्दाजी १५, १६ र १७ वर्षकी रहेकी वेपता तीनै किशोरीलाई उद्धार गरी नेपाल ल्याइएको हो ।



मदरसाबाट भागेर भारतको लुधियाना पुगेका उनीहरूलाई परिवारले दिएको सूचनाका आधारमा आफन्त नातामा पर्ने एक मामाले रेलबाट फेला पारेका थिए । त्यसपछि उनीहरूलाई लुधियानास्थित आफ्नै घरमा राखिएको थियो ।

किशोरीहरूलाई लुधियानासम्म पुग्न आफन्तकै युवाले सहयोग गरेको खुलेपछि परिवारले ती युवालाई सम्पर्क गरी रेलको नाम, नम्बर र समयबारे जानकारी लिएको थियो । त्यसैका आधारमा आफन्त इन्डिया फाउण्डेसन र पञ्जाब प्रहरीको टोलीले किशोरीहरूलाई मामाघरबाट उद्धार गरी भारतको दिल्लीस्थित नेपाली दूतावासमा पुऱ्याएको थियो ।

दिल्लीस्थित नेपाली दूतावासबाट आफन्त इन्डियाको सहजीकरणमा परिवारसहित उनीहरूलाई नेपाल ल्याई जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बुझाइएको थियो। जिल्ला प्रहरी कार्यालयमा बयान लिएपछि उनीहरूलाई परिवारको जिम्मा लगाइएको महोत्तरी प्रहरीले जनाएको छ ।

आफन्त नेपालको उपस्थितिमा प्रहरीले लिएको प्रारम्भिक बयानमा किशोरीहरूले मदरसामा मोबाइल फोनको विषयलाई लिएर आफूहरूमाथि कुटपिट र गालीगलौज भएपछि रिसाएर मदरसा छाडेर भागेको बताएकी छिन् ।

मदरसामा विद्यार्थीलाई मोबाइल राख्न बन्देज रहेपनि आफूहरूसँग मोबाइल भेटिएपछि महिला शिक्षकले कुटपिट गरेको र त्यसपछि 'अब मदरसामा नपढ्ने' भन्दै आफूहरू त्यहाँबाट गएको उनीहरूको बयान दिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी निरीक्षक विश्वम्भरनाथ साहले बताएका छन् ।

किशोरीहरूले दिएको बयान प्रारम्भिक रहेको र घटनाबारे थप बुझ्ने काम भइरहेको उनले जनाएको छ । उता किशोरीहरूले कुटपिट भएको बताए पनि मदरसा पक्षले भने त्यसलाई अस्वीकार गरेको छ । नियमविपरीतका गतिविधि गरेपछि शिक्षकहरूले गालीगलौज गर्दै सम्झाउने र सुधार्ने प्रयास गरेपनि कुटपिट वा यातना नदिएको दाबी मदरसाको रहेको छ ।



## जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

### ।। व्यस्त जीवन ।।

बिहान उठ्यो कामकै हतार,
दिनभरि दौडधुप अपार।
समयसँगै चल्नु छ यहाँ,
आराम गर्ने फुर्सद कहाँ?
मोबाइल बज्छ, काम थपिन्छ,
मनभित्रै चिन्ता जम्छ।
सपना बोकी अघि बढिन्छ,
थाकेको मन फेरि हाँसिन्छ।
आफ्ना मान्छे टाढा हुँदै,
समय जान्छ छिटो हुँदै।
जीवन यस्तै व्यस्त भए पनि,
खुसी खोजौँ सानो क्षणमै पनि।
धनभन्दा ठूलो शान्ति हो,
मायाभन्दा ठूलो के नै हो?
व्यस्त जीवन जति भए पनि,
हाँस्न नछोडौँ कहिल्यै पनि।



लेखक : रश्मी दनुवार

### ।। पानि परै छै जार लगैछै ।।

पानि परै छै जार लगैछै
बौवा बुच्ची थर थर कपैछै
मेघ गरजै छै लौका लौकै छै
किसान सब तैयो किसानी करै छै
केहन जवना एलै रौ भाई
देश दुनियाँ मे भढलै महगाई
बोडिङ्ग स्कूलके फिस छै बेसी
गारजियन सबके परल छै भारी
पैढो लिख क बौवा छै बेरोज गारी
केना उठौतै घरक जिमेदारी
माय बाबू के ऋण छै करजा
काका काकी करै छै रगरा



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

### ।। बार्सातको महिना ।।

आकाशमा बादल लाग्यो, झमझम पानी पर्यो,
सुकेको त्यो धर्तीमाथि, हरियालीले रंग भर्यो।
चिसो-चिसो हावा चल्यो, मनमा खुसी छायो,
पानीसँगै खेतबारीमा, नयाँ जीवन आयो।
छानामाथि टप-टप पानी, खोलानाला बढे,
किसानका ती आशाहरू, खेतबारीमा चढे।
धान रोप्ने बेला आयो, हिलो भयो बाटो,
मेहनतसँगै मुस्कुरायो, किसानको मनको पाटो।
कहिले घाम, कहिले पानी, मौसमको यो खेल,
बादलभित्र लुकेको घाम, लाग्छ साह्रै रमाइलो मेल।
बार्सात आयो हरियाली बोकी, प्रकृति भयो जवान,
पानीले धुयो धर्तीलाई, सुन्दर भयो संसार महान।



लेखक :बब्लु शर्मा
ज. उ. न. पा.-७

### 'जवाफ दिन्छौ कि नाइँ?'

"अब तिमीलाई प्रेमी भन्न मिल्छ कि नाइँ?
हाम्रो सम्बन्धलाई प्रेम भन्न मिल्छ कि नाइँ?"

"भेट हुँदा फेरि चिनजानी गर्न मिल्छ कि नाइँ?
पहिले जस्तै तिमीलाई बोलाउन मिल्छ कि नाइँ?"

"हिजोको त्यो माया अझै बाँकी छ कि नाइँ?
मनमा मेरो ठाउँ अझै खाली छ कि नाइँ?"

"सम्बन्धको नाम फेरि राख्न मिल्छ कि.
..टुटेको यो मन फेरि जोड्न मिल्छ कि..."

"मनभित्रका यी प्रश्न सबै मेटाउँदै,
मौनताका ती पर्खाल सबै भत्काउँदै,"

"अब यी प्रश्नहरूको जवाफ दिन्छौ कि....
मलाई अझै आफ्नो भनी बोलाउँछौ कि नाइँ"



लेखक :- बिरेन्द्र कुमार चौधरी
ठेगान:- मिथिला न. पा. :-०३,हरिहरपुर धनुषा

# झरीका बीच प्रदर्शनमा आए 'आचार्य', 'बाः एक योद्धा' र 'जदौ'

काठमाण्डु । बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणाली (चक्रवात अर्नब)को प्रभावले बुधबारदेखि काठमाडौं उपत्यकासहित देशका धेरै ठाउँमा निरन्तर पानी परिरहेको छ। पानीले देशभरको जनजीवन पूर्ण रूपमा प्रभावित हुँदा त्यसको असर नेपाली फिल्मलाई समेत परेको छ । हलमा प्रदर्शन भइरहेका फिल्ममा दर्शकको उपस्थिति निकै न्यून देखिएको छ।

यस्तोमा शुक्रबारबाट हलमा तीन नयाँ फिल्म 'आचार्य', 'बाः एक योद्धा' र 'जदौ' एकसाथ प्रदर्शनमा आएका छन् । झरीका कारण तीनवटै फिल्मको बिहानी शोमा औसत अकुपेन्सी देखिएको छ । तुलनात्मक रूपमा 'आचार्य'को अकुपेन्सी भने केही सुखद देखिन्छ । तीन फिल्ममध्ये शो संख्यामा पनि यही फिल्म अगाडि छ। यसले देशभर झन्डै एक सय शो पाएको छ।

एक्सन जनरामा निर्माण भएको 'आचार्य'लाई निखिल उप्रेतीले निर्देशन गरेका हुन् । यो उनको ९ वर्षपछिको निर्देशकीय कमब्याक हो । फिल्ममा उनी स्वयं मुख्य भूमिकामा छन् भने पूर्णिका सिंजापति, सजिना श्रेष्ठ, प्रमोद अग्रहरी, ध्रुव कोइराला, भारतीय कलाकारहरू दीपराज राणा, रघु बाबु, रघू




कारुमन्चीलगायतको पनि अभिनय छ। कृष्ण भट्टराईले फिल्मको निर्माण गरेका हुन् ।

यस्तै, संगीतकार हरि लम्सालको निर्देशनमा बनेको 'बाः एक योद्धा'ले सन्तानका लागि बाबुले गर्ने त्याग र संघर्षको कथा प्रस्तुत गरेको छ । फिल्ममा दिव्यदेव, झरना थापा, सुहाना थापा, माओत्से गुरुङ, अनिल बुढाथोकी, सागर खनाल, शिशिर सिवाकोटी, सुप्रज्ञा शर्मा, शवि थापालगायतका कलाकार हरूको अभिनय छ। फिल्मका निर्माता वसन्त लम्साल हुन् ।

अन्जन शर्मा र काजी लिम्बूको संयुक्त निर्देशनमा बनेको 'जदौ' भने अन्तरजातीय प्रेमकथामा आधारित छ। सृजना शर्मा, मनिष शर्मा र डिल्लीराज पोखरेल निर्माता रहेको फिल्ममा ऋचा शर्मा, नीति शाह, प्रभात पाल ठकुरी, मुकुन भुसाल, राजश्री थापा, विनोद न्यौपाने, नरेश पौड्याल, खड्ग बहादुर पुन (खबपु), सन्ध्या श्रेष्ठ, सुमित्रा देवकोटा, रोहित कार्कीलगायतको अभिनय छ। फिल्मीखबर

# सुदर्शनले किन रोके 'शुभ विवाह'को छायांकन ?

काठमाण्डु । बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणाली (चक्रवात अर्नब)का कारण बुधबारदेखि देशभर निरन्तर वर्षा भएपछि नेपाली फिल्मको प्रदर्शनदेखि छायांकनसम्म प्रभावित भएका छन्। यस्तोमा एक महिनादेखि तालनगरी पोखरामा छायांकन भइरहेको फिल्म 'शुभ विवाह'को तीन दिनका लागि छायांकन स्थगित गरिएको छ।

निर्माता कम्पनी प्रियदर्शन फिल्म्सकी प्रमुख सुप्रिया कटुवाल (थापा)ले बिहीबार एक विज्ञप्ति जारी गर्दै वर्षाका कारण उत्पन्न प्रतिकूल अवस्थालाई मध्यनजर गर्दै असोज ९ गतेदेखि ११ गते (आइतबार)सम्म छायांकन स्थगित गरिएको जनाएकी छन्। कलाकार तथा प्राविधिक टोलीको सुरक्षा र सहजतालाई प्राथमिकतामा राखेर यो निर्णय लिइएको विज्ञप्तिमा उल्लेख छ।

४५ दिनको सेड्युलसहित सुरु भएको फिल्मको छायांकन अहिले अन्तिम चरणमा पुगेको छ। फिल्मको गीतबाहेक सबै दृश्यको छायांकन पूरा भइसकेको निर्देशक सुदर्शन थापाले जानकारी दिए । उनका अनुसार




पोखराको लेकसाइडमा १० दिने सेड्युलसहित सेट लगाएर गीतको छायांकन भइरहेको थियो । तर, वर्षाका कारण छायांकन रोक्नु परेको उनले बताए।

प्रेम र विवाहको कथामा आधारित फिल्ममा प्रदीप खड्का, सनिशा भट्टराई, हरिहर शर्मा, वसुन्धरा भुसाल, मुकुन्द किशोर भट्टराई, कृष्ण ढुंगाना, विशाल पहारी, अंशु महर्जन, अनिता बस्नेत, मेक्सम गौडेल, सन्तोष थापा, सुनिशा बजगाईँ, आश्मा गिरीलगायतको अभिनय छ । फिल्मलाई महाशिवरात्रिको अवसर पारेर फागुन २१ गते प्रदर्शन गरिँदैछ। फिल्मीखबर

# '१२ गाउँ २'को टिजरमा विराज र समीरको एक्सन

काठमाण्डु। अभिनेता विराज भट्टको निर्देशनमा बनेको फिल्म '१२ गाउँ २'को टिजर सार्वजनिक गरिएको छ।

'एक्सन प्याक्ड'




देखिएको झन्डै दुई मिनेट लामो टिजरमा संवादभन्दा धेरै गोली र किक चलेका छन् । टिजरले कथावस्तुबारे भने धेरै खुलाएको छैन । फिल्ममा कस्ता एक्सन दृश्य छन् भन्नेबारे दर्शकलाई जानकारी दिनु मात्र टिजरको उद्देश्य देखिन्छ। विराजको भ्वाइस ओभरसँगै सुरु हुने टिजरमा समीर भट्टका एक्सन दृश्यहरूलाई प्राथमिकतामा राखिएको छ।

टिजरको सबैभन्दा रोचक पक्ष भने विराज र समीर एकसाथ देखिएको दृश्य हो, जहाँ उनीहरूलाई दुई शक्तिको रूपमा चिनाउँदै युद्धको फैसला दुईमध्ये एउटाको अन्त्यले गर्ने उद्घोष छ। यसले यसपटक फिल्ममा विराज र समीरबीच नै टकराव हुने संकेत गर्छ।

असोज ३० गतेबाट प्रदर्शन हुने यस फिल्ममा विराज र समीरसहित अनुप विक्रम शाही, वर्षा इटानी, खुशी कार्की, प्रकाश शाह, सुनिल पोखरेल, कनिज कोइराला, कालु राना, पुष्कर भट्ट, शिवकुमार सिंह, नेहा राज्यलक्ष्मी शाह, पूर्णबहादुर गन्धर्व, साहिल सिंह ठकुरी, अर्जुन आचार्यलगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्मकी निर्माता सरस्वती भट्ट हुन् ।

फिल्ममा महेश पौडेलको डीओपी, राम केसी र राजु लामाको छायांकन, बन्दे प्रसादको सम्पादन, सन्तोष सरकारको लेखन, स्टन्ट सिल्भा र शंकर महर्जनको द्वन्द्व निर्देशन, कालाचरणको पार्श्व संगीत (बीजीएम) तथा गीता गुरप्पाको ध्वनि संयोजन रहेको छ । यो फिल्म २०८१ सालमा प्रदर्शन भएको ब्लकबस्टर फिल्म '१२ गाउँ'को सिक्वेल हो । फिल्मीखबर

# शाहरुख फेरि बने भारतका सर्वाधिक धनी अभिनेता, तेस्रोमा सलमान



काठमाण्डु । बलिउड सुपरस्टार शाहरुख खान लगातार दोस्रो पटक भारतका सर्वाधिक धनी अभिनेता बनेका छन् । 'हुरुन इन्डिया रिच लिस्ट २०२६' अनुसार उनी मनोरञ्जन क्षेत्रबाट सबैभन्दा धनी अभिनेताको शीर्ष स्थानमा पर्न सफल भएका हुन् । सन् २०२५ मा पनि उनी पहिलो स्थानमा थिए । यस वर्ष उनको कूल सम्पत्ति भारु दश हजार करोड पुगेको छ।

यो सूचीमा चार हजार करोड सम्पत्तिसहित अभिनेता अमिताभ बच्चन दोस्रो स्थानमा छन् । यस वर्ष उनको सम्पत्तिमा उल्लेख्य वृद्धि भएको देखिन्छ। सन् २०२५ मा उनको सम्पत्ति १ हजार ६ सय ३० करोड मात्र रहेको उल्लेख थियो । फिल्म तथा टिभी शो 'कौन बनेगा करोडपति'बाट प्राप्त गर्ने पारिश्रमिक र विभिन्न व्यवसायबाट उनको सम्पत्तिमा उछाल आएको हो।

भारतका सर्वाधिक धनी कलाकारको तेस्रो स्थानमा भने सलमान खान छन्। उनले तीन हजार करोड सम्पत्तिसहित पहिलो पटक यो सूचीमा आफ्नो स्थान बनाएका हुन् । यसपटक ऋतिक रोशन पनि धनी कलाकारको सूचीमा परेका छन्। उनको सम्पत्ति २ हजार ५०० करोड भारु पुगेको उल्लेख छ, जुन गत वर्षको तुलनामा ३४० करोड रुपैयाँले बढी हो।

'हुरुन इन्डिया रिच लिस्ट २०२६'मा यसपटक केही पुराना ठूला नाम भने अटेका छैनन्। गत वर्ष ७ हजार ७ सय ९० करोड सम्पत्तिसहित अभिनेत्री जूही चावला र १ हजार ८ सय ८० करोड सम्पत्तिसहित निर्माता करण जोहर 'टप फोर'भित्र परेका थिए। तर, यसपटक उनीहरू दुवै सूचीबाट बाहिर छन् । यसले यस वर्ष उनीहरूको सम्पत्तिमा भारी गिरावट आएको देखाउँछ। फिल्मीखबर

# 'हनुमान अंश'लाई नपत्याउने निर्माताले पछि मागे माफी, भने- 'ठूलो गल्ती भयो'

एजेन्सी । दुई करोड भारूभन्दा कम बजेटमा बनेको भारतीय फिल्म 'हनुमान अंश'को कमाइले धेरैलाई आश्चर्यमा पारेको छ।

भारतीय संचारमाध्यमहरूका अनुसार यो फिल्मले विश्वव्यापी रूपमा ३७० करोड भारूभन्दा बढी कमाइ गरिसकेको छ। सुरूआती दिनमा कमजोर व्यापार गरेको फिल्मले विस्तारै गति लिँदै ठूलो व्यावसायिक सफलता हासिल गरेको हो।



फिल्मले प्रदर्शनअघि भने लगानी जुटाउन निकै संघर्ष गर्नुपरेको थियो।फिल्मकी निर्माता अनुप्रिया नगरका अनुसार निर्माणको क्रममा पोस्ट-प्रोडक्सनका लागि लगानी जुटाउन धेरै व्यक्तिसँग सहयोग मागिएको थियो। तर सानो बजेट, नयाँ निर्देशक र नयाँ कलाकार भएकाले धेरैले फिल्ममा विश्वास गरेनन्।

भारतीय प्रस्तोता एवं अन्तर्वार्ताकार सिद्धार्थ कन्ननसँगको कुराकानीमा अनुप्रियाले निर्माणको क्रममा लगानी जुटाउन निकै कठिन भएको बताइन्।

उनका अनुसार फिल्म सानो बजेटमा बनेको, निर्देशक विशाल चतुर्वेदीको पहिलो फिल्म भएको र कलाकारहरू पनि नयाँ भएकाले धेरैलेयसमा विश्वास गरेका थिएनन्।

प्रदर्शनअघि केही व्यक्तिले सहयोग गरे पनि पोस्ट-प्रोडक्सनका लागि लगानी जुटाउन टोलीले धेरैसँग सम्पर्क गरेको उनको भनाइ छ 'धेरै मानिसले यो फिल्ममा विश्वास गरेका थिएनन्। उनीहरूलाई यो सानो बजेटको फिल्म हो, निर्देशकको पहिलो फिल्म हो र कलाकारहरू पनि नयाँ छन् भन्ने लागेको थियो,' अनुप्रियाले भनिन्। उनका अनुसार केही निर्माताले पछि सम्पर्क गर्दै आफूहरूले फिल्ममा सहभागी हुन नपाउनु आफ्नो 'सबैभन्दा ठूलो गल्ती' भएको बताएका थिए।

उनले ती निर्माताहरूको निर्णयप्रति आफूलाई कुनै गुनासो नभएको पनि बताएकी छन्। 'म उनीहरूलाई दोष दिन्नँ, किनकि यो निकै सानो फिल्म थियो,' उनले भनेकी छन्। फिल्मले सानो लगानीमा पनि ठूलो सफलता हासिल गर्न सक्ने देखाएको उनको भनाइ छ।

विशाल चतुर्वेदीको निर्देशनमा बनेको 'हनुमान अंश' भारतका चर्चित आध्यात्मिक गुरू नीम करोली बाबाको जीवनबाट प्रेरित फिल्म हो। यसमा शोभिनाव सत्याले नीम करोली बाबाको भूमिका निर्वाह गरेका छन्।

आमाको निधनपछि आध्यात्मिक यात्रामा निस्किएका लक्ष्मीनारायणको जीवनयात्रामार्फत फिल्मले उनको आध्यात्मिक रूपान्तरणको कथा प्रस्तुत गर्छ।

'हनुमान अंश' नेपालका सिनेमा हलहरूमा समेत अझै प्रदर्शनरत छ।

# विवेक ओबेरोयले गरे '२६ करोड'को घोषणा, प्रदीपको जोडी बन्दै साहारा




काठमाण्डु । विकास सुवेदीको निर्देशनमा बन्न लागेको फिल्म '२६ करोड'को मुम्बईमा निर्माण घोषणा गरिएको छ । मंगलबार साँझ मुम्बईको पाँचतारे होटल 'ताज ल्याण्ड्स एन्ड'मा क्यान्सर पीडितको सहयोगार्थ आयोजित 'रोज डे' समारोहमा बलिउड अभिनेता विवेक ओबेरोय र निर्माता सुभाष भुसालले संयुक्त रूपमा फिल्मको घोषणा गरेका हुन् ।

उक्त अवसरमा फिल्मको मुख्य भूमिकामा साहारा शाहलाई पनि अनुबन्धित गरिएको छ । नेपाली मूलकी उनले यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यू गर्न लागेकी हुन् । बलिउड अभिनेता अनुपम खेरको 'एक्टर प्रिपेयर्स एकेडेमी'मा अभिनयको प्रशिक्षण लिएकी उनी 'क्यान्सर सर्भाइभर' हुन् । लामो समयदेखि विवेक ओबेरोयले उनको अभिभावकत्व सम्हाल्दै आएका छन् ।

फिल्मको घोषणा कार्यक्रममा बोल्दै ओबेरोयले साहाराले फिल्ममा डेब्यू गर्नु आफ्ना लागि सबैभन्दा ठूलो उपहार भएको बताए । उनले भने, 'मैले साहारालाई क्यान्सरसँग लड्दै गरेको एउटा सानो बच्चाको रूपमा देखेको थिएँ। आज उनले क्यान्सरलाई जितेर फिल्मको मुख्य नायिकाको रूपमा सम्झौता गरिरहँदा म शब्दमा बयान गर्न नसकिने गरी भावुक भएको छु।'

सामाजिक कथामा निर्माण हुने फिल्ममा यसअघि अभिनेता प्रदीप खड्का अनुबन्धित भइसकेका छन् । फिल्ममा उनको जोडी साहारासँग बाँधिनेछ । किङडम नेटवर्कको ब्यानरमा निर्माण हुने फिल्मको छायांकन आगामी डिसेम्बर (पुष) मा नेपाल र भारतका विभिन्न स्थानमा गरिने जनाइएको छ । फिल्ममा निर्देशक सुवेदी स्वयंको लेखन रहेको छ। फिल्मीखबर

# जलवायु न्याय' संयुक्त राष्ट्रसंघको दस्तावेजमा मात्र सीमित हुन हुँदैनः प्रधानमन्त्री (पूर्णपाठ)

प्रधानमन्त्री वालेन्द्र शाहले 'जलवायु न्याय' संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुन नहुने बताउनुभएको छ।

आज संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सम्बोधन गर्नुहुँदै उहाँले 'जलवायु न्याय' संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुन नहुने उल्लेख गर्दै हाम्रा देशका मानिसहरूलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री शाहले भन्नुभयो, "हिन्दूकुश हिमालय करिब दुई अर्ब मानिसको घर हो । यी पर्वतहरूले नेपालभन्दा धेरै परसम्म रहेका जनसङ्ख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्छन् । हिमालय पृथ्वीको छेउमा रहेको भूभाग मात्रै होइन, यो पृथ्वीको जीवन-सहयोग प्रणालीको महत्वपूर्ण हिस्सा पनि हो।"



*सम्बोधनको पूर्णपाठः*
*श्रीमान् अध्यक्षज्यू,*
*श्रीमान् महासचिवज्यू,*
*महामहिमज्यूहरू,*
*सम्माननीय प्रतिनिधिज्यूहरू,*
*महिला तथा सज्जनवृन्द,*

म यहाँ तपाईंहरूसामु हिमालयमा रहेको एउटा टाढाको देश नेपालका तर्फबाट मानवतालाई नजिकैदेखि दिइरहेको चेतावनी लिएर आएको छु। आज म यहाँ विकास, लोकतन्त्र, शान्ति र एउटा राष्ट्रको आशाबारे मात्रै बोल्न चाहन्थेँ । तर, त्यसको सट्टा, म मृत्यु र अकल्पनीय विनाशबारे बोल्छु । ती परिवारबारे जो कहिल्यै घर नफर्कने आफ्ना प्रियजनलाई पर्खिरहेका छन् । ती समुदायबारे जसले लेदो, ढुङ्गामाटो, पानीभित्र आफ्ना मानिसको खोजी गरिरहेका छन्, जसको शरीर अब कहिल्यै नभेटिन सक्छ। ती पुल, सडक, विद्यालय, घर र जीविकोपार्जनका माध्यम निमेषभरमै बगेर गए । एउटा देशबारे जसले दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा निरन्तर प्रगति गरिरहेको थियो त्यसमा अवरोध पुगेको छ।

चार साताअघि विश्वले नेपालको हिमाली समुदायमा तीव्रताका साथ आएको विनाशकारी बाढीको भयावह दृश्य देख्यो, जसलाई धेरैले 'हिमालयन सुनामी' भनेका छन्। भोटेकोशी-त्रिशूली नदी आसपासका क्षेत्रमा भएको विपद् स्थानीय त्रासदी मात्रै थिएन, यो विश्वका लागि एउटा चेतावनी पनि थियो । र, म आज तपाईंहरुसँग सोध्छु- के हामीले साँच्चै त्यो चेतावनी सुनेका छौँ ?

करिब तीन वर्षअघि, संयुक्त राष्ट्रसङ्घका महासचिवले हाम्रो सगरमाथा क्षेत्रमा उभिएर नजिकिँदै गरेको जलवायु विपत्तिको भयावह अवस्थाबारे मानवतालाई चेतावनी दिनुभएको थियो । विश्वको छानोबाट आएको त्यो चित्कार बुलन्द रूपमा सुनिएन । हामीले नेपालमा सुन्यौँ, हाम्रो समुदायले सुन्यो। विश्वभरका वैज्ञानिकले सुने। उनीहरूले प्रमाणसहित त्यसलाई दोहोर्‍याइरहे। तर हामी, विश्वका राजनीतिक नेतृत्वले त्यो चेतावनीलाई जोखिममा रहेका मानिसको आवश्यकताअनुसार तीव्र गतिमा कार्यान्वयनमा बदल्न बेवास्ता गर्‍यौँ । त्यसको दुःखद् परिणाम हामीले गत महिना भोग्यौँ।

तातिँदै गरेको जलवायुले नाजुक हिमालयको पारिस्थितिक प्रणालीलाई अस्थिर बनाएको छ। हिउँले जमेको माटो पग्लिँदा हिमालको भिरालो भू-भागमा चिरा परेका छन् । हिमचट्टानसहितको पहिरो, बाढीलगायत शृङ्खलाबद्ध जोखिम बढिरहेका छन् ।

परिणामस्वरुप यस विनाशले नेपाल-चीन सीमाका दुवैतर्फको भू-भागमा ठूलो क्षति पुर्‍यायो। बाढी निरन्तर भारततिर बग्दै गयो। यसले हामीलाई एउटा आधारभूत कुरा बताउँछ। जलवायु परिवर्तनले सीमा चिन्दैन। हिमनदी र बाढी 'पासपोर्ट'मा 'भिसा' लगाएर यात्रा गर्दैनन्।

**महामहिमज्यूहरू,**

म, यहाँ गुनासो गर्न होइन, केही सुझाव साझा गर्न आएको हुँ। सर्वप्रथम, विपत्तिपछि नेपाललाई सहयोग गर्न आउने सबैप्रति गहिरो कृतज्ञता व्यक्त गर्दछु। हाम्रा छिमेकी मुलुक भारत र चीनले तत्कालै र खुला हृदयका साथ सहयोग गरे। अन्य मित्रराष्ट्रहरू, संयुक्त राष्ट्रसङ्घीय प्रणाली, मानवीय सहायता प्रदायक संस्था, परोपकारी संस्था तथा विश्वभरका मानिस नेपालसँगै उभिनुभयो। म उहाँहरु सबैलाई नेपाली जनताका तर्फबाट कृतज्ञतासहित धन्यवाद भन्न चाहन्छु।

नेपालले अहिले पुनःस्थापना र पुनर्निर्माणको विशाल कार्यको सामना गरेको छ। कम्तीमा एक हजार ४०० जनाको मृत्यु भएको पुष्टि भइसकेको छ भने छ हजारभन्दा बढी मानिस अझै बेपत्ता छन् । हाम्रो द्रुत क्षति आकलनअनुसार अब भौतिक पुनःस्थापनाका लागि नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी)को १० प्रतिशत आवश्यक देखिन्छ। सन् २०१५ मा नेपालमा गएको 'गोरखा भूकम्प'पछिको पुनर्निर्माणमा जस्तै यसपटक पनि हामी ऐक्यबद्धतासहित तपाईंहरूको सहयोगको अपेक्षा गर्छौं । तर, यो विपद् नेपालबाहेकका लागि पनि किन अर्थपूर्ण छ भन्ने हामीले बुझ्नुपर्छ। विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम छ। यो सङ्कट हामीले सिर्जना गरेका होइनौँ। तर, यसको ठूलो मूल्य हामीले चुकाइरहेका छौँ । हाम्रा हिमनदी खुम्चिँदै गएका छन्। हाम्रा हिमालका भिराला भू-भाग अस्थिर बन्दै गएका छन्। हाम्रा नदी पूर्वानुमान गर्न नसकिने अवस्थामा पुगेका छन् । प्रत्येक ठूला विपद्ले हामीले वर्षौं लगाएर निर्माण गरेका विकासका पूर्वाधारलाई ध्वस्त बनाउने चेतावनी दिइरहेका छन् । नेपालका लागि जलवायु विपद् मानवीय घटना मात्रै होइन, विकासको सङ्कट पनि हो । यसले सडक, पुल, विद्यालय, घर, खेतीयोग्य जमिन र जीविकोपार्जनका माध्यमलाई क्षति पुर्‍याउँछ। यसले गरिब देशले गरेको नगन्य गल्तीबाट भएको क्षतिको भरपाइका लागि ठूलो ऋण लिन बाध्य बनाउँछ।

हामी कुनै देश वा महादेशलाई दोष दिन यहाँ आएका होइनौँ। हामी जलवायु परिवर्तनलाई अर्को भू-राजनीतिक युद्धभूमिमा परिणत गर्न पनि यहाँ आएका होइनौँ । हामी यहाँ सबैलाई आफ्नो जिम्मेवारी र ऐक्यबद्धतामा पुनःप्रतिबद्ध हुन आग्रह गर्न आएका हौँ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धिमार्फत अन्तरराष्ट्रिय समुदायले साझा तर फरकफरक जिम्मेवारी तथा आ-आफ्नो क्षमताको सिद्धान्तमा पहिले नै सहमति जनाइसकेको छ । जसले ऐतिहासिक रूपमा समस्यामा बढी योगदान गरेका छन् र जोसँग प्रतिक्रिया जनाउने बढी क्षमता छ, उनीहरूले बढी गर्नुपर्छ।

'जलवायु न्याय' संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुनुहुँदैन । हाम्रो देशका मानिसलाई बारम्बार पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्छ।

**महामहिमज्यूहरू,**

हिन्दूकुश हिमालय करिब दुई अर्ब मानिसको घर हो। यी पर्वतले नेपालभन्दा धेरै परसम्म रहेका जनसंखयालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्छन् । हिमालय पृथ्वीको छेउमा रहेको भू-भाग मात्रै होइन, यो पृथ्वीको जीवन-सहयोग प्रणालीको महत्वपूर्ण हिस्सा पनि हो।

त्यसैले पहिलो आकस्मिक कदमका रूपमा नेपाल, भारत र चीनको नेतृत्वमा हिमालय जलवायु उत्थानशीलता संयन्त्र स्थापना गर्न हामी प्रस्ताव गर्छौं। यस संयन्त्रमार्फत हामी भू-उपग्रहसम्बन्धी तथ्याङ्क र विशेषज्ञता साझा गरौँ। जोखिमयुक्त हिमतालको अनुगमन गरौँ। संयुक्त पूर्वसूचना प्रणालीलाई सुदृढ बनाऔँ। र, जब विपद् आउँछ, सीमापार सहयोगलाई समन्वय गरौँ। हिमालयलाई छरिएका सूचनाभन्दा अन्तरराष्ट्रिय सहयोगको एउटा प्रयोगशाला बनाऔँ। नेपाल एउटा अतिकम विकसित देश भएर पनि यस देशले आफ्नो पारिस्थितिक हिस्साभन्दा धेरै ठूलो वैश्विक भूमिका निर्वाह गरिरहेको छ। हामीले आफ्नो भू-भागको करिब आधा हिस्सा ढाक्नेगरी वन क्षेत्र विस्तार गरेका छौँ। आफ्ना स्वच्छ ऊर्जाको आवश्यकता पूरा गर्न र बाहिरबाट आएको प्रदूषणको स्रोतलाई विस्थापित गर्न तीव्रगतिमा जलविद्युत् आयोजना विकास गरिरहेका छौँ । युरोपका केही भू-भागसँग तुलना गर्न मिल्ने दरमा विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रवर्द्धन गरिरहेका छौँ । स्थानीय तहमा जलवायु अनुकूलनलाई सुदृढ बनाइरहेका छौँ । दोहोरिरहने जलवायु विपद्को सामना गर्न अझ बढी कदम चाल्नेछौँ। तर नेपाल एक्लैले विश्वव्यापी शासन व्यवस्थाको असफलताबाट सिर्जित सङ्कटविरुद्ध उत्थानशीलता निर्माण गर्न सक्दैन। त्यसैले यस महासभाले यी छ शब्दलाई ध्यान दिनुपर्छः राहत, पुनःस्थापना, पुनर्निर्माण, जिम्मेवारी, क्षतिपूर्ति र उत्थानशीलता। यसमा पहिला तीन वटा विपद्पछि हामीलाई आवश्यक पर्छन्। पछिल्ला तीन वटा विपद्लाई स्थायी अवस्थाका रूपमा परिणत हुन नदिन हामीलाई आवश्यक पर्छन् । जब जलवायुजन्य विपद्ले गरिब देशको पूर्वाधार नष्ट गर्छ, त्यसको उत्तर अर्को ठूलो ऋण वा टुक्रे अनुदान मात्र हुन सक्दैन। हामीलाई विश्वबाट अनुदानमा आधारित पर्याप्त सहयोग आवश्यक छ। क्षति तथा नोक्सानी कोष, विश्वव्यापी वातावरणीय सुविधा र अन्य सम्बन्धित वित्तीय संयन्त्र अझै अपर्याप्त छन् । जलवायु वित्त यस्तो कर्मचारीतन्त्रको जाल बन्नु हुँदैन, जसबाट कमजोर देशले आफूलाई आवश्यक सहयोगका लागि वर्षौंसम्म प्रमाणित गर्नुपरोस् । जब घरमा आगो लाग्छ, तब हामी परिवारलाई ५० वटा फाराम भर्न लगाउँदैनौँ। हामी काम गर्छौं। जलवायु न्यायको अर्थ पनि यही हुनुपर्छ।

**महामहिमज्यूहरू,**

यसले मलाई एउटा ठूलो प्रश्नतर्फ जोड्छ। हामी कस्तो अन्तरराष्ट्रिय व्यवस्था चाहन्छौँ ? संयुक्त राष्ट्रसङ्घ, मानवताले भोगेको भयावह विश्वयुद्धको अनुभवबाट जन्मिएको हो। यसको वाचा सार्वभौमिकता महत्वपूर्ण हुन्छ भन्ने थियो । अन्तरराष्ट्रिय कानुन महत्वपूर्ण हुनेछ। हरेक मानवको गरिमा महत्वपूर्ण हुनेछ। कमजोरले शक्तिशालीले जे निर्णय गर्छन्, त्यो मात्र स्वीकार गर्नुपर्ने छैन। आज त्यो अन्तरराष्ट्रिय प्रणाली दबाबमा छ। धेरैपटक सैन्य र आर्थिक शक्तिले कसको आवाज सुनिन्छ भन्ने निर्धारण गर्छ। नेपाल निष्पक्ष विश्वव्यापी आर्थिक व्यवस्थामा विश्वास गर्छ।

सन् १९९४ मा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको मानव विकास प्रतिवेदनले 'मानवीय असुरक्षा'को अवधारणा अघि सारेको थियो। यसले सुरक्षालाई भू-भागभन्दा मानिससँग र हतियारभन्दा विकाससँग जोडेको थियो। यसले डर र अभावबाट स्वतन्त्रता सुनिश्चित गर्न शान्तिको लाभांश प्रयोग गर्न आह्वान गरेको थियो। गत मार्चमा नेपालमा इतिहासकै सबैभन्दा निष्पक्ष र शान्तिपूर्ण निर्वाचन भयो। त्यसबाट निर्वाचित बहुमतको सरकारले त्यसयता धेरै अन्तरराष्ट्रिय प्रतिकूलताको सामना गर्नुपरेको छ। जब नेपालका एक गरिब किसानले यस मनसुनमा आफ्नो खेतमा बीउ छर्न खोज्नुभयो, समयमै मल पाउनुभएन । जब राजमार्गमा कालोपत्र गर्न खोज्यौँ, 'बिटुमिन' पाएनौँ। जब परिवारले साँझको खाना पकाउन खोज्यो, त्यसबेला खाना पकाउने इन्धन भएन। एकातिर हिमनदी पग्लिरहेका छन् र बाली उत्पादन घटिरहेको छ, बिना चेतावनी बाढी आइरहेको छ। अर्कोतिर, विश्वव्यापी आपूर्ति शृङ्खलाले गरिब मानिसलाई उनीहरूको आफ्नो नियन्त्रणभन्दा बाहिरका कारणका लागि सजाय दिइरहेको छ। अन्तरमहादेशीय क्षेप्यास्त्र समयमै पुग्छन् । राइफल र गोलीगट्ठा सबै अवरोध तोड्दै समयमै सीमा पार गर्छन्। तर नेपालका एक किसानले आवश्यकता परेको समयमा बजार मूल्यमा मल वा इन्धन खरिद गर्न सक्नुहुन्न। हामीले यस्तो संसार बनाएका छौँ, जहाँ युद्धका लागि आवश्यक सामान आपूर्ति गर्न सजिलो छ, तर खाद्यान्नका लागि निकै कठिन छ। यो नेपालको मात्रै दुर्भाग्य होइन । बङ्गलादेशलाई सोध्नुहोस्। भुटानलाई सोध्नुहोस्। भारतलाई सोध्नुहोस्। माल्दिभ्सलाई सोध्नुहोस् । पाकिस्तानलाई सोध्नुहोस् । श्रीलङ्कालाई सोध्नुहोस् । हाम्रो क्षेत्रका अन्य कुनै पनि देशलाई सोध्नुहोस् । तपाईंले उस्तै जवाफ पाउनुहुनेछः हामीले नतताएको जलवायुबाट प्रभावित र सुरु नगरेका युद्धबाट फेरि प्रभावित। यसले हामीलाई वर्तमान विश्वव्यापी सहकार्यको व्यवस्थामा देखिएको भन्दा धेरै कुरा बिग्रिएको छ भन्ने स्पष्ट पार्छ।

**महामहिमज्यूहरू,**

मलाई भनिएको छ, म यो वर्ष यस महासभालाई सम्बोधन गर्ने सबैभन्दा कान्छो सरकार प्रमुख हुँ। तर, मैले यहाँ यसलाई मुख्य कथा बनाउन आएको होइन। यहाँ यस मञ्चबाट जे-जति कुरा भनिए पनि म एउटा कुरा स्पष्ट रूपमा भनियोस् भन्ने सुनिश्चित गर्न आएको हुँः भुक्तानी गर्न तयार रहेको देशले खरिद गर्न सक्षम हुनुपर्छ र ७२ घण्टाभित्र संसारको जुनसुकै ठाउँमा हतियार पुर्‍याउनसक्ने विश्वसँग एउटा किसानलाई सम्मानजनक जीविकोपार्जनका साधनबाट वञ्चित गर्न कुनै बहाना बनाउनु हुँदैन। हामी बहुपक्षीयतामा विश्वास गरिरहन्छौँ। यसैले हामीलाई यस्तो संयुक्त राष्ट्रसङ्घ आवश्यक छ, जहाँ साना र गरिब देशको उपस्थिति महसुस होस् र हामी न्यायपूर्ण परिणामका लागि सँगै काम गर्न सकौँ। त्यसैले जलवायु न्याय पैसाको विषय मात्रै होइन । यो खर्च कसले बेहोर्छ भन्ने वितरणात्मक न्यायको विषय हो। यो कसको आवाज सुनिन्छ भन्ने प्रक्रियागत न्यायको विषय हो। साथै पर्वतीय समुदाय, साना टापु राष्ट्र, भू-परिवेष्ठित तथा कम विकसित देश र जन्मिन बाँकी पुस्ताको भविष्यलाई समान रूपमा महत्व दिइन्छ कि दिइँदैन भन्ने विषय पनि हो। संयुक्त राष्ट्रसङ्घमा भोलिदेखि आयोजना हुने 'सगरमाथादेखि समुद्रसम्म' साइड-इभेन्टबाट नेपाल यो संवादको नेतृत्व गर्न सहयोग गर्न तयार छ।

**श्रीमान् अध्यक्षज्यू तथा महामहिमज्यूहरू,**

हामी अहिले गहिरो विश्वव्यापी अनिश्चितताको मोडमा उभिएका छौँ। नयाँ पुस्ताको चाहना प्रतिबिम्बित गर्ने ताजा लोकतान्त्रिक जनमतका साथ यस महासभामा उपस्थित भएका छौँ । हाम्रा युवाले इमानदारी र जवाफदेहिताको राजनीति माग गरेका छन्। यो पुस्तान्तरण राष्ट्रिय विषय मात्रै होइन। यो द्वन्द्व, असमानता र न्यून अवसरविरुद्ध विश्वव्यापी जागरणको हिस्सा पनि हो। म नेतृत्वको सरकार एउटा यस्तो राज्य निर्माणमा प्रतिबद्ध छ। जहाँ मर्यादित रोजगारी, सामाजिक सुरक्षा र प्रत्येक नेपालीलाई आफ्नै घरमा बस्ने चाहना पूरा गर्ने अवसर प्राप्त हुनेछ।

नेपालमा गएको बाढीले बढ्दो चरम मौसमी घटनाबाट आकार लिने भविष्यको सङ्केत गर्छ। त्यसैले हामीले तत्कालको उपाय छाडेर दीर्घकालीन पूर्वतयारीको दिशातर्फ अघि बढ्ने संस्कृतिको विकास गर्नुपर्छ। हामी उत्थानशीलताका लागि वित्तीय व्यवस्था र बिमा तथा नवप्रवर्तनमा लगानी गरौँ । अझ बलियो पूर्वाधार र संस्था निर्माण गरौँ। जीवाश्म इन्धनको निर्भरता घटाऔँ। चेतावनी दिने, सचेत गराउने र जीवन बचाउने प्रणाली निर्माण गरौँ । कमजोरलाई सबैभन्दा कम शक्ति दिने व्यवस्थामा सुधार गरौँ । जब विश्वको छानोबाट अर्को चेतावनी आउँछः त्यो सुन्न तयार रहौँ, र त्यसैअनुसार काम गर्न पनि तयार रहौँ।

*भगवान् पशुपतिनाथले विश्वको कल्याण गरून्।*
*यो विश्व बुद्धले देखाएको बाटोमा हिँड्न सकोस्।*
*धन्यवाद, नमस्ते।*

# "सहसंयोजक चाहिँदैन" भन्दै झलनाथको २२ बुँदे फरक मत

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी(नेकपा) को केन्द्रीय संयोजन समिति बैठकबाट नेता झलनाथ खनालले फरक मत राखेकोप्रति नेताहरूले असन्तुष्टि जनाएका छन् । नेता खनालले पार्टी बैठकमा २२ बुँदे फरक मत राखेका थिए।

यसअघि नै संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधव कुमार नेपालको राजीनामा मागेका नेता खनालले महाधिवेशनबारे ठोस योजना ल्याउनुपर्नेसहितको माग राख्दै लिखित रूपमा प्रस्ताव राखेका थिए।

नेकपाले मंसिरमा महाधिवेशन गर्नेगरी कार्यतालिका ल्याएको थियो । तर त्यो कार्यतालिका प्रभावित भइसकेको छ । अर्को निर्णय अब बस्ने सचिवालय बैठकले गर्ने निर्णय भएको प्रवक्ता प्रकाश ज्वालाले बताए। दसैँअघि बस्ने सचिवालय बैठकले महाधिवेशनबारे निर्णय गर्ने उनको भनाइ छ।

राष्ट्रिय महाधिवेशन आयोजक समितिको नेतृत्व र समन्वय गर्नका निम्ति एक जना संयोजक नै पर्याप्त हुने भन्दै सहसंयोजक पद हटाउन माग गरेका छन् । अहिले



सहसंयोजकमा माधव नेपाल छन्। नेता नेपालसँगको असन्तुष्टि पार्टी एकताअघिकै हो।

नेता खनालको प्रस्तावमा भनिएको छ, 'संयोजक र सहसंयोजक बनाई रहन पर्दैन । त्यस्तो संरचना बनाउँदा नेकपा बनाउँदाको विगत धङधडीको आभास दिन्छ। त्यतिबेला दुई पार्टी एकता भएकाले त्यसलाई असामान्य ठानिएन । अहिले २६ घटकको एकीकरण भने पछि त्यो मोडेल अहिले उपयुक्त हुँदैन।'

तर प्रवक्ता ज्वालाले भने नेता खनालले सामान्य रूपमा बैठकमा प्रस्ताव राखेको बताए । उनले भने, 'बैठकमा विभिन्न विषयमा छलफल हुन्छ, आफूलाई लागेको कुरा राख्न सकिन्छ । त्यसलाई स्वाभाविक रूपमा लिनुपर्छ। सबैले सुझाव दिने क्रममा उहाँले पनि सुझाव दिनुभयो।'

उनले पार्टी बैठक महाधिवेशनलाई भव्य र व्यवस्थित बनाउने र पार्टीको थाल्ने अभियानलगायतको विषयमा केन्द्रित भएको पनि बताए।

तर अर्का एक नेताले बैठकमा राखेको प्रस्ताव खनालले सार्वजनिक गरेकोप्रति असन्तुष्टि जनाए। ती नेताले भने, 'बैठकमा राखिसकेपछि पार्टीभित्र एउटा नोटको रूपमा रहनुपर्थ्यो, त्यो सार्वजनिक गरिएछ। उहाँले बैठकमा प्रस्ताव राखेपछि यो विषयमा खासै छलफल भएन। उहाँले बैठकैपिच्छे यस्ता प्रस्तावहरू ल्याइरहनुभएको छ।'

पार्टी एकता प्रक्रियामा आउँदा सहसंयोजक स्वीकार गरेर आएपछि अहिले आवश्यक छैन भनेर प्रस्ताव ल्याउनु उपयुक्त नहुने ती नेताको भनाइ छ।

'एकता पछि संयोजक र सहसंयोजकको व्यवस्था गरेका हौँ। हामीबीच भएको १८ बुँदे सहमतिमै उल्लेख भएको कुरा हो' ती नेताले भने, 'महाधिवेशन नगर्दासम्म संयोजक र सहसंयोजकको व्यवस्था स्वीकार्ने भनेर सबै घटक एकता प्रक्रियामा आएका हुन्। अहिले आएर त्यस्ता विषय उठाउनु उपयुक्त होइन।'

नेता खनालको प्रस्तावमा पार्टीले तय गरेको विधानमाथि नै प्रश्न उठाएका छन् । नेकपाको अन्तरिम विधान २०८३ बाट देशमा एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टी बनाउन सम्भव नहुने उनको भनाइ छ।

सो प्रस्तावमा भनिएको छ, 'त्यो विधानका धारा १२, १३, १४ ले क्रान्तिकारी कम्युनिस्ट पार्टी बन्न दिँदैन।त्यसलेएउटायथास्थितिवादी, सुधारवादी र दक्षिणपन्थी प्रजातान्त्रिक समाजवादी पार्टी मात्र बनाउने छ। त्यसले देशको चालु संविधानका सीमा भन्दा पर जानै दिँदैन। त्यसैले यो अन्तरिम विधान बाट मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमावैज्ञानिकसमाजवादको लक्ष्य तिर अघि बढ्ने क्रान्तिकारी कम्युनिस्ट पार्टी बनाउन सकिन्न।'

अन्तरिम विधानका धारा १२, १३ र १४ लाई प्रतिबन्ध वा खारेज गर्नुपर्ने उनले बताए। उनले अहिले पार्टी दुई जनाको एकलौटी नेतृत्वको ठाउँमा कमिटी प्रणाली, सामूहिक नेतृत्व र सामूहिक निर्णयको कमिटी प्रणाली स्थापित गर्नुपर्ने बताउँदै आएका छन्।

# परराष्ट्रमन्त्री खनाल र बेलायतका राज्यमन्त्री म्याकनिलबीच भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनाल र संयुक्त अधिराज्यबेलायतकाअन्तरराष्ट्रिय विकाससम्बन्धी राज्यमन्त्री क्रिस्टी म्याकनिलबीच भेटवार्ता भएको छ।

संयुक्त राष्ट्रसंघको ८१औं महासभाका क्रममा संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा भएको उक्त भेटवार्तामा उहाँहरुबीच नेपाल-बेलायत सम्बन्ध तथा पारस्परिक हितका विविध विषयमा छलफल भएको मन्त्री खनालको सचिवालयले जनाएको छ।

भेटवार्तामा दुवै पक्षबीच पछिल्लो समय विस्तार हुँदै गएको नेपाल-बेलायत द्विपक्षीय



सहकार्यलाई थप सुदृढ बनाउने विषयमा विचारविमर्श भएको थियो। विशेषगरी नेपालमा हालै आएको विनाशकारी विपद्पछिको पुनरुत्थान तथा पुनर्निर्माणमा बेलायतसँगको सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो।

मन्त्री खनालले नेपालले विपद्पछिको उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणका काम अघि बढाइरहेकासन्दर्भमाअन्तरराष्ट्रिय साझेदारी र सहयोगको महत्त्व रहेको बताउनुभयो। दुवै पक्षले नेपाल-बेलायतबीच विद्यमान सहयोगलाई थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। रासस

# कांग्रेसको वडा अधिवेशनमा हात हालाहाल

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगर महानगरपालिका-६ को वडा अधिवेशन अन्तर्गत मतदान भइरहेको समयमा दुई पक्षबीच हातहाल भएको छ।

सो घटनामा संलग्न भएको आरोपमा एक जनालाई मोरंग प्रहरीले केहीबेर नियन्त्रणमा लिएको छ।

पक्राउ पर्नेमा नेपाली कांग्रेस मोरंगका मुस्लिम कोटाका क्षेत्रीय प्रतिनिधिका उम्मेदवार विराटनगर- ६ का इरसाद अहमद रहेका छन्।

भलबद्र सेवा समिति केसलियाको सभाहलमा मतदान भइरहेका बेला क्रममा विवाद भएको थियो।

विवादका क्रममा हात हालाहाल भएपछि केही समय रोकिएको मतदान प्रक्रिया पुनः सुचारु भएको छ।

वडा अधिवेशनमा सहमति नभएपछि मतदान भएको हो। वडाको नेतृत्वका लागि राम ढकाल र प्रकाश मण्डल भोला प्यानल बनाएर चुनावी प्रतिस्पर्धामा छन्।

यसैबीच नेपाली काँग्रेसको जारी १५ औं महाधिवेशन अन्तर्गत कोशी प्रदेशका तराई जिल्लाका अधिकांश पालिका अधिवेशन सम्पन्न भएको छ।

# इमरानका छोराद्वारा 'प्रतिआक्रमण'को चेतावनी

एएफपी । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानका छोरा कासिम खानले सेप्टेम्बर २७ मा पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई)ले गर्ने विरोध प्रदर्शनका क्रममा अडियाला जेलतर्फ मार्च नगर्न समर्थकहरूलाई आग्रह गर्नुभएको छ । उहाँले प्रदर्शनलाई आधार बनाएर जेलमा 'प्रतिआक्रमण' हुनसक्ने र त्यसबाट आफ्ना बुबाको जीवन जोखिममा पर्न सक्ने चेतावनी दिनुभएको छ ।

सामाजिक सञ्जाल एक्समार्फत कासिमले जेलनजिक पदयात्रा वा प्रदर्शन नगर्न आफूलाई निर्देशन दिइएको बताउँदै विरोधका क्रममा आफ्ना बुबासँग कुनै 'दुर्घटना' हुने अवस्था सिर्जना नगर्न आग्रह गर्नुभयो । इमरान खान सन् २०२३ को अगस्टदेखि विभिन्न मुद्दामा दोषी ठहरिएपछि जेलमा रहनुभएको छ ।

यसैबीच, पिटिआईको प्रदर्शनलाई ध्यानमा राख्दै पञ्जाबमा सुरक्षा व्यवस्था कडा पारिएको छ । प्रान्तीय सरकारले सेप्टेम्बर २३ देखि अक्टोबर ५ सम्म धारा १४४ लागू गर्दै पाँच वा सोभन्दा बढी मानिस भेला हुन प्रतिबन्ध लगाएको छ । रावलपिन्डी, अटक, झेलम र मियाँवालीमा पाकिस्तानी रेन्जर्स परिचालन गर्नसमेत माग गरिएको छ ।

प्रान्तीय सूचनामा आतङ्कवादी सङ्गठन तथा शत्रुतापूर्ण गुप्तचर निकायबाट सार्वजनिक शान्ति र सुरक्षामा 'गम्भीर र आसन्न खतरा' रहेको उल्लेख गरिएको छ ।

प्रदर्शनको तयारीसँगै इमरानका बहिनीहरू अलीमा, उज्मा र नोरीनको हिरासतको विषय पनि चर्चामा छ ।

उज्मा र नोरीनलाई ३० दिनका लागि हिरासतमा राखिएको छ भने लाहोर उच्च अदालतले उनीहरूको नजरबन्द आदेश तत्काल निलम्बन गर्न अस्वीकार गर्दै अधिकारीहरूको जवाफ मागेको छ ।

पाकिस्तानी अधिकारीहरूले प्रदर्शनअघि लगाइएका प्रतिबन्धलाई सार्वजनिक व्यवस्था र सुरक्षा कायम गर्ने उपायका रूपमा व्याख्या गरेका छन् ।

# नोभेम्बरमा ट्रम्पको एजेन्डा रोकिने न्युजमको दाबी



एएफपी । क्यालिफोर्नियाका गभर्नर गेभिन न्युजमले आगामी नोभेम्बरमा हुने अमेरिकी मध्यावधि निर्वाचनमा डेमोक्रेटिक पार्टीले प्रतिनिधिसभाको नियन्त्रण पुनः प्राप्त गर्ने र त्यससँगै राष्ट्रपति डोनाल्ड ट्रम्पको राजनीतिक एजेन्डा अन्त्य हुने दाबी गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको जलवायु सम्मेलनपछि सञ्चारमाध्यमसँग कुरा गर्दै उहाँले डेमोक्रेटहरूले प्रतिनिधिसभा फिर्ता लिने र त्यसपछि 'नयाँ दिन' सुरु हुने बताउनुभयो । उहाँले ट्रम्पको राष्ट्रपति पद 'हामीले चिनेको रूपमा' नोभेम्बरमा समाप्त हुने दाबी गर्नुभयो । यद्यपि, काङ्ग्रेसमा डेमोक्रेटहरूको नियन्त्रण भए ट्रम्पको राष्ट्रपति पद कसरी समाप्त हुन्छ भन्ने उहाँले स्पष्ट पार्नुभएन ।

न्युजमले जलवायु परिवर्तनलाई वातावरणीय विषयमा मात्र सीमित नगरी खाद्यान्नको मूल्य, घरको बिमा, आवास र राष्ट्रिय सुरक्षासँग जोडेर हेर्नुपर्ने बताउनुभयो । क्यालिफोर्नियाको अर्थतन्त्र सन् २०१९ यता ४० प्रतिशतले बढेको र यस वर्ष ९० प्रतिशत दिन कुनै न कुनै समयमा विद्युत् माग शतप्रतिशत स्वच्छ ऊर्जाबाट पूरा भएको उहाँले बताउनुभयो ।

ट्रम्प प्रशासनले क्यालिफोर्नियाका वातावरणसम्बन्धी नियम उल्ट्याउने प्रयास गरिरहेको आरोप लगाउँदै न्युजमले ट्रम्पको नीतिले अमेरिकालाई पछाडि धकेलिरहेको टिप्पणी गर्नुभयो । सन् २०२८ को राष्ट्रपतीय निर्वाचनबारे उहाँले कुनै पनि डेमोक्रेटिक उम्मेदवारले जित्न सक्ने दाबी गर्दै विदेशमन्त्री मार्को रुबियो र उपराष्ट्रपति जेडी भान्सले ट्रम्पका विवादास्पद नीतिलाई समर्थन गरेको आरोप लगाउनुभयो ।

न्युजमले सम्भावित राष्ट्रपतीय उम्मेदवार अलेक्जान्ड्रिया ओकासियो-कोर्टेजबारे पनि टिप्पणी गर्दै महिलाले राष्ट्रपति निर्वाचन जित्न नसक्ने धारणा गलत भएको बताउनुभयो । उहाँले ओकासियो-कोर्टेजलाई 'पुस्ताको प्रतिभा' को संज्ञा दिनुभयो । साथै, सन् २०२८ को राष्ट्रपतीय दौडमा आफू अघि बढेमा आफ्नो अनुभव, दृष्टिकोण र क्षमतालाई फरक रूपमा प्रस्तुत गर्न सक्ने बताउनुभयो ।

# बीसौँ एसियाली खेलकुदः पुरुष क्रिकेटमा नेपालद्वारा अफगानिस्तान पराजित




काठमाण्डु । जापानको इची-नागोयामा जारी २०औँ एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष क्रिकेटमा नेपाल विजयी भएको छ । नेपालले अफगानिस्तानलाई पाँच विकेटले पराजित गरेको हो ।

जापानको आइचीस्थित निशिनमा रहेको कोरोगी स्पोर्ट्स पार्कमा आज भएको खेलमा टस जितेर पहिला ब्याटिङ गर्दै अफगानिस्तानले नेपालसामु १०३ रनको लक्ष्य प्रस्तुत गरेको थियो । उक्त विजयी लक्ष्य नेपालले १७ दशमलव २ ओभरमा पाँच विकेट गुमाउदै पूरा गर्‍यो ।

नेपालका लागि सन्दीप जोराले सर्वाधिक ३४ रनको योगदान दिए । उनले ३५ बलमा तीन चौका र एक छक्का प्रहार गरे । त्यसैगरी रोहितकुमार पौडेलले अविजित ३३, दिपेन्द्रसिह ऐरीले १५ तथा कुशल मल्ले ९ रन जोडे ।

बलिङतर्फ अफगानिस्तानका लागि फरिदुन दाउदजाई, अबदुल्लाह अहमदजाई र अरब गुलले समान एक एक विकेट लिए ।

त्यसअघि ब्याटिङ गर्दै अफगानिस्तानले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १०२ रनको योगफल बनायो । अफगानिस्तानका लागि फेसल खान अहमदजाईले ३० रन बनाए । त्यस्तै नजिबुल्लाह जाद्रानले ३० तथा नङ्गेलिया खानले अविजित १७ रनको योगदान दिए ।

बलिङतर्फ नेपालका कुशल भुर्तेलले चार तथा ललितनारायण राजवंशीले तीन विकेट लिए । समूह 'ए' मा रहेको नेपालले शनिबार जापानसँग खेल्नेछ । नेपालको समूहमा अफगनिस्तान र जापान रहेका छन् । यस्तै समूह 'बी' मा मलेसिया, हङकङ र ओमान रहेका छन् । रासस

# युक्रेनलाई प्याट्रियट मिसाइल उत्पादनको अनुमति दिने ट्रम्पको निर्णय



एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनलाई उन्नत प्याट्रियट हवाई प्रतिरक्षा मिसाइल उत्पादन गर्न अनुमति दिने अन्तिम निर्णय गरेको युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले बताउनुभएको छ । उहाँका अनुसार यस निर्णयपछि युक्रेनले आफ्नै भूमिमा प्याट्रियट मिसाइल उत्पादनका लागि आवश्यक इजाजतपत्र प्राप्त गर्नेछ ।

रुसले युक्रेनमाथि प्रहार गर्ने ब्यालिस्टिक मिसाइल रोक्न प्याट्रियट प्रणाली प्रभावकारी मानिए पनि किएभले यस्ता मिसाइलको अभाव झेलिरहेको छ । जेलेन्स्कीले पत्रकारहरूलाई पठाउनुभएको भ्वाइस नोटमा पछिल्लो भेटका क्रममा राष्ट्रपति ट्रम्पले आफूले अन्तिम निर्णय गरिसकेको र युक्रेनले प्याट्रियट मिसाइल उत्पादनको अनुमति पाउने बताउनुभएको जानकारी दिनुभयो ।

यसअघि जुलाईमा ट्रम्पले युक्रेनलाई यस्तो अनुमति दिनु उपयुक्त हुने बताउनुभएको थियो । तर पछि उहाँले अनुमति दिनुअघि अमेरिकाले यस विषयमा 'धेरै सावधानी' अपनाउनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । फेब्रुअरीमा अमेरिका र इजरायलबीच इरानसँग युद्ध भएपछि युक्रेनले प्याट्रियट इन्टरसेप्टर मिसाइलको थप अभाव सामना गर्नुपरेको जनाएको छ । त्यस क्रममा उन्नत हवाई प्रतिरक्षा प्रणालीका केही आपूर्ति अन्यत्र मोडिएको बताइएको छ ।

युक्रेनलाई उत्पादनको अनुमति प्राप्त भए पनि तत्काल आवश्यकताका लागि भने त्यसले पर्याप्त सहयोग नगर्ने देखिएको छ । नयाँ औद्योगिक उत्पादन क्षमता स्थापना गर्न एक वर्षभन्दा बढी समय लाग्न सक्ने भएकाले किएभले आगामी जाडोअघि तत्काल सैन्य सहयोगका लागि अमेरिकासँग आग्रह गरिरहेको छ ।

रुसले युक्रेनको विद्युत् तथा ताप आपूर्ति संरचनामाथि बारम्बार आक्रमण गर्दै आएकाले आगामी हिउँदमा त्यस्ता आक्रमण दोहोरिन सक्ने चिन्ता किएभले व्यक्त गरेको छ । जेलेन्स्कीले गत महिना युक्रेनलाई हिउँद पार गर्न अमेरिकाको प्याट्रियट इन्टरसेप्टर मिसाइलको पाँच प्रतिशत र रुसका सबै ब्यालिस्टिक प्रक्षेपण रोक्न १० प्रतिशत आवश्यक पर्ने बताउनुभएको थियो ।

यससँगै किएभले आफ्नै ब्यालिस्टिक मिसाइल प्रतिरोधी प्रणाली विकास गर्ने प्रयास पनि अघि बढाइरहेको छ । जेलेन्स्कीका अनुसार युक्रेनले 'फ्रेयाम' नामक आफ्नै प्रतिरक्षा प्रणाली निर्माणमा काम गरिरहेको छ ।

# सिंगापुरमा ८० हजार कर्मचारीलाई एआई तालिम दिइने

एएफपी । सिंगापुरको वित्तीय क्षेत्रले सन् २०२८ सम्म ८० हजारभन्दा बढी कर्मचारीलाई कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी सीपको तालिम दिने भएको छ । उपप्रधानमन्त्री गान किम योङले बिहीबार उक्त जानकारी दिनुभएको हो ।

'आईबीएफ डिस्टिङ्सन इभनिङ' कार्यक्रममा उहाँले बैङ्किङ, बीमा र सम्पत्ति व्यवस्थापन क्षेत्रका २३ वित्तीय संस्था यस प्रतिबद्धतामा सहभागी भएको बताउनुभयो । ती संस्थाले हालै सुरु गरिएको 'इन्स्टिच्युट अफ बैङ्किङ एन्ड फाइनान्स (आईबीएफ) एआई वर्कफोर्स को-ल्याब' मार्फत आफ्ना कर्मचारीलाई तालिम दिनेछन् ।

व्यापार तथा उद्योगमन्त्रीका साथै सिङ्गापुरको केन्द्रीय बैङ्क 'मोनेटरी अथोरिटी अफ सिङ्गापुर' का अध्यक्षसमेत रहनुभएका गानले आईबीएफबाट मान्यताप्राप्त कार्यक्रममार्फत सिङ्गापुरमा रहेका आफ्ना सबै कर्मचारीलाई तालिम दिने प्रतिबद्धता वित्तीय संस्थाहरूले जनाएको बताउनुभयो । उहाँका अनुसार आधाभन्दा बढी कर्मचारीले यससम्बन्धी तालिम लिइसकेका छन् ।

'एआई वर्कफोर्स को-ल्याब' ले रोजगारदाता र साझेदार संस्थालाई एकै ठाउँमा ल्याएर कामको प्रकृतिमा भइरहेको परिवर्तनको मूल्याङ्कन गर्नेछ । साथै, तालिम तथा कार्यप्रणालीमा आवश्यक परिवर्तनसम्बन्धी व्यावहारिक उपायको परीक्षण गरी त्यसबाट प्राप्त अनुभव वित्तीय क्षेत्रसँग साझा गर्नेछ ।



गानका अनुसार एआईले ग्राहक सेवा, वित्तीय परामर्श, ऋण स्वीकृति, ठगी पहिचान, बजार विश्लेषण र सफ्टवेयर विकासलगायत क्षेत्रमा वित्तीय संस्थाको कार्यशैलीमा परिवर्तन ल्याइसकेको छ ।

# फिफप्रोको पहलमा खेलाडी संघको फिफा र एएफसी प्रतिनिधिसँग छलफल सम्पन्न




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली फुटबलमा पछिल्लो तीन वर्ष भन्दा देखि घरेलु डिभिजन लिग सञ्चालन हुन नसकेको र अन्तर्राष्ट्रिय फुटबलबाट समेत बञ्चित हुनुपरेको विषयमा फिफप्रोको पहलमा नेपाल फुटबल खेलाडी संघले बिहीबार फिफा र एएफसीका प्रतिनिधिसँग छलफल गरेको छ ।

सो छलफलको क्रममा लामो समयदेखि घरेलु फुटबल गतिविधि ठप्प हुँदा खेलाडीले भोग्नुपरेको आर्थिक तथा व्यावसायिक समस्या, नियमित प्रतियोगिता नहुँदा करिअरमा परेको असर र फिफा को निलम्बनपछि अन्तर्राष्ट्रिय खेल खेल्न नपाएको अवस्थाबारे खेलाडीले आफ्ना समस्या राखेका थिए ।

घरेलु डिभिजन लिग नहुँदा खेलबाट टाढा रहनुपरेको र अहिले अन्तर्राष्ट्रिय फुटबलसमेत रोकिँदा नेपाली खेलाडीमा थप अन्योल र निराशा बढेको बताएका थिए ।

नेपाल फुटबल खेलाडी संघका अध्यक्ष विक्रम लामाले सम्बन्धित निकायबीचको विवादका कारण खेलाडीलाई खेलबाट बञ्चित गर्नु अन्यायपूर्ण भएको जनाए ।


'सम्बन्धित निकायका विवाद र वैधानिक विषयका कारण हामी खेलाडी खेलबाट बञ्चित हुनुपरेको छ। यो नेपाली खेलाडीमाथि अन्याय हो। अन्य विषयमा प्रक्रिया अघि बढ्दै गर्ला, तर कम्तीमा हाम्रा खेलाडीलाई खेल्ने वातावरण मिलाइदिन फिफा र एएफसी समक्ष अनुरोध गरेका छौं,' लामाले भने ।

उनले लिगबिना खेलाडी बस्न बाध्य भएको उल्लेख गर्दै विवादको समाधान खोजेर नेपाली फुटबललाई निकास दिन आग्रह गरेका थिए ।

सो छलफलमा नेपाली खेलाडीको वास्तविक अवस्था र उनीहरूले भोगिरहेको समस्याबारे फिफा तथा एएफसी प्रतिनिधिलाई जानकारी गराइएको थियो। समस्या समाधानका लागि आगामी दिनमा थप छलफल र आवश्यक पहल गर्ने विषयमा समेत कुराकानी भएको खेलाडी संघले जनाएको छ ।

सो छलफलको क्रममा लामासहित लाकेन लिम्बू, सावित्रा भण्डारी, अञ्जना राना मगर, मनीष डाँगी, अञ्जन विष्ट, अनन्त तामाङ, रोहित चन्द र एरिक विष्टलगायत खेलाडी सहभागी रहेका थिए ।

# नेपाल-चीन सीमा बाढीमा बेपत्ता ५० भन्दा बढी युक्रेनीका परिवार अझै प्रतीक्षामा



एएफपी । नेपाल-चीन सीमा क्षेत्रमा विनाशकारी बाढी आएको एक महिना बितिसक्दा पनि ५० भन्दा बढी युक्रेनी नागरिकका परिवार आफ्ना आफन्तको अवस्थाबारे जानकारीको पर्खाइमा छन् ।

छत्तिस वर्षीया ओलेना कालिनिचेन्को ५६ जनाको समूहमा हुनुहुन्थ्यो, जसमा अधिकांश युक्रेनी नागरिक थिए । उनीहरू आध्यात्मिक अभ्यासका लागि तिब्बतस्थित कैलाश पर्वत पुगेका थिए । घर फर्कने क्रममा चीनबाट नेपालतर्फ आउँदै गर्दा अगस्ट २६ मा आएको बाढीपछि उनीहरू बेपत्ता भएका हुन् ।

बाढी आउनुभन्दा करिब १५ मिनेटअघि चीनको सीमा चौकीबाट बाहिरिँदै गर्दा कालिनिचेन्को अन्तिमपटक देखिनुभएको थियो । उहाँले चीनबाट किनेको 'क्रिसान्थेमम' चिया घर फर्किएपछि साथीसँग पिउने योजना बनाउनुभएको थियो ।

उहाँका साथी ओलेस भिसिचले एक महिनादेखि उहाँको खबरको प्रतीक्षा गरिरहनुभएको छ । "उनले घर फर्किएपछि हामी चिनियाँ फूलबाट बनेको चिया पिउनेछौँ भनेकी थिइन्", उहाँले भन्नुभयो ।

नेपाल सरकारका अनुसार बाढीमा एक हजार ४०० भन्दा बढी मानिसको मृत्यु भएको छ भने छ हजारभन्दा बढी बेपत्ता छन् । तीमध्ये अधिकांश नेपाली भू-भागतर्फका छन् । नेपालले ५४ युक्रेनीसहित ६३६ विदेशी नागरिक अझै बेपत्ता रहेको जनाएको छ । चीनले आफ्नो भूभागमा २६१ विदेशी नागरिक बेपत्ता भएको र तीमध्ये एक युक्रेनी रहेको जनाएको छ ।

नेपालले हालसम्म एक हजार ४५१ शव फेला पारेको जनाएको छ, तर ११२ शव मात्र परिवारलाई हस्तान्तरण गरिएको छ। सरकारले दुई हजार ३५ जना आफन्तबाट डीएनए नमूना सङ्कलन गरेको जनाएको छ । तर कति शवको पहिचान भइसकेको छ भन्ने विवरण सार्वजनिक गरिएको छैन ।

बाढीका कारण नेपालतर्फको अध्यागमन कार्यालय र अभिलेख नष्ट भएकाले चीनबाट निस्किएका केही व्यक्तिले नेपाल प्रवेश गरे वा नगरेको यकिन गर्न कठिन भएको छ । केही परिवारलाई चिनियाँ अधिकारीहरूले उनीहरूका आफन्त बाढी आउनुअघि नै चिनियाँ भू-भागबाट बाहिरिसकेको बताएका छन् । आध्यात्मिक शिक्षिका इरिना ब्लोन्स्कायाको नेतृत्वमा रहेको उक्त समूह तिब्बतबाट बसमार्फत काठमाडौं आउने र त्यहाँबाट आ-आफ्नो देशतर्फ उड्ने योजनामा थियो । पहाडबाट आएको बरफ, चट्टान, हिलो र पानीसहितको तीव्र भेलले कैलाश जाने तीर्थयात्रीहरूले प्रयोग गर्ने केरुङ बन्दरगाहमा ठूलो क्षति पुर्‍याएको थियो ।

बेपत्ता व्यक्तिका परिवारहरूले खोजी र पहिचान प्रक्रिया निकै सुस्त भएको गुनासो गरेका छन् । नर्वेमा रहेकी भ्लादिस्लाभा होर्लोभाले आफ्नी आमाको खोजीका लागि युक्रेनी दूतावास, नर्वेली प्रहरी र रेडक्रसलगायत संस्थासँग सम्पर्क गर्नुभएको छ । उहाँले प्रहरीलाई डीएनए नमूनासमेत दिनुभएको छ ।

यद्यपि विपद्को एक महिना बितिसकेको छ, केही परिवारले अझै आफन्त जीवितै भेटिने आशा गरेका छन् । कालिनिचेन्कोका साथी भिसिचले पनि सकारात्मक रहने प्रयास गरिरहेको बताउनुभएको छ ।

# टी-२० वरियतामा नेपालको सुधार




काठमाण्डु । नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को टी-२० वरियतामा सुधार गरेको छ । शुक्रबार २०औँ एसियाली खेलकुदअन्तर्गत टेष्ट टोली अफगानिस्तानविरुद्ध पाँच विकेटको जित निकाल्दै आइसिसीले ताजा वरियता सार्वजनिक गर्दा नेपालले दुई स्थान सुधार गरेको हो ।

नेपाल अब टी-२० अन्तरराष्ट्रिय वरियताको चौधौ स्थानमा उक्लिएको छ । यसअघि नेपाल वरियताको सोह्रौं स्थानमा थियो । नेपालविरुद्धको हारले अफगानिस्तान नवौंबाट दशौं स्थानमा झरेको हो ।

शुक्रबारको खेलमा नेपालले अफगानिस्तानविरुद्ध ब्याटिङ र बलिङ दुवै विधामा उत्कृष्ट प्रदर्शन गर्‍यो । यो जितपछि नेपालको क्वार्टरफाइनल सम्भावना बलियो बनेको छ । नेपालले अब समूह चरणको अन्तिम खेलमा शनिबार आयोजक जापानविरुद्ध खेल्ने तालिका छ । रासस

# बीसौँ एसियाली खेलकुदः महिला कबड्डीमा नेपाललाई कास्य पदक

काठमाण्डु । जापानको इची-नागोयामा जारी २०औँ एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत महिला कबड्डी खेलमा नेपालले कास्य पदक प्राप्त गरेको छ ।

जापानको तोकाइ सिटिजन व्यायामशालामा आज भएको सेमिफाइनल खेलमा भारतसँग ४८-२४ अङ्कले पराजित भएसँगै नेपालले कास्य पदकमा चित्त बुझाउनु परेको हो । यसअघि सन् २०२३ मा चीनको हाङजाउमा भएको १९औँ एसियाली खेलकुद प्रतियोगितामा पनि नेपाल भारतसँग नै सेमिफाइनलमा पराजित भएको थियो । शुक्रबारको सेमिफाइनल खेलमा भारतले पहिलो हाफमा ३१-१७ अङ्कको जित निकालेको थियो । भारतले दोस्रो हाफमा १७-७ अङ्कले अग्रता लियो ।

नेपालले यसअघि समूह चरणको खेलमा थाइल्यान्डलाई हराएको थियो भने चाइनिज ताइपेइसँग पराजित भएको थियो । त्यसपछि अन्तिम खेलमा श्रीलङ्कालाई हराएर नेपाल सेमिफाइनलमा पुगेको थियो ।

बीसौं एसियाली खेलकुद प्रतियोगितामा नेपालको यो दोस्रो पदक हो । यसअघि कराते विधातर्फ नेपालका तेन्जिङ शेर्पाले पुरुष कुमिते ८४ किलो तौल समूहमा कास्य पदक प्राप्त गरेका थिए । रासस

# एसियाको उदाउँदो शताब्दीमा नेपाललाई आर्थिक, 'डिजिटल' र रणनीतिक 'ब्रिज' बनाउने लक्ष्य छः परराष्ट्रमन्त्री

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले एसियाको बढ्दो आर्थिक तथा रणनीतिक प्रभावका बीच नेपालको भौगोलिक अवस्थालाई अवसरमा रूपान्तरण गर्दै नेपाललाई एसियाको आर्थिक, डिजिटल र रणनीतिक 'ब्रिज' का रूपमा अघि बढाउनुपर्ने बताउनुभएको छ।

एसिया सोसाइटीद्वारा न्युयोर्कमा आज आयोजित 'स्टिरिङ नेपाल्स फ्युचर इन एसियाज राइजिङ सेन्चुरी' अर्थात् ' एसियाको उदाउँदो शताब्दीमा नेपालको भविष्यको मार्गदर्शन' विषयक कार्यक्रममा सम्बोधन गर्दै उहाँले नेपालले भौगोलिक चुनौतीलाई राष्ट्रिय आकांक्षाको सीमाका रूपमा लिन नहुने बताउनुभयो।

नेपाललाई परम्परागत रूपमा 'सानो मुलुक' का रूपमा हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्नेमा जोड दिँदै उहाँले नेपाल रणनीतिक रूपमा महत्वपूर्ण स्थानमा रहेको बताउनुभएको परराष्ट्रमन्त्रीको निजी सचिवालयले जनाएको छ।

"नेपाल सानो होइन। नेपाल रणनीतिक रूपमा सही स्थानमा छ,"मन्त्री खनालले भन्नुभयो, "हाम्रा छिमेकीको आकार भूगोलको यथार्थ हो, तर त्यो हाम्रो महत्त्वाकांक्षाको सीमा कहिल्यै बन्नु हुँदैन।" उहाँले नेपालको भूगोल र जनसङ्ख्यालाई अन्य मुलुकसँग तुलना गर्दै नेपाललाई सानो मुलुकका रूपमा मात्र बुझ्न नहुने धारणा राख्नुभयो।




हालैको बाढीको प्रसङ्ग उल्लेख गर्दै मन्त्री खनालले त्यसलाई 'हिमालयन सुनामी' को संज्ञा दिनुभयो। "नेपालले लामो समयदेखि प्राकृतिक विपत्ति, कठिन भूगोल र संरचनात्मक चुनौती सामना गर्दै आएको छ,'"उहाँले भन्नुभयो।

परराष्ट्रमन्त्री खनालले पछिल्लो विपत्तिले जलवायु परिवर्तनलाई नेपालको परराष्ट्र नीतिको रणनीतिक प्राथमिकताका रूपमा लिनुपर्ने स्पष्ट सन्देश दिएको बताउनुभयो। उहाँले प्रभावकारी पूर्वसूचना प्रणाली, जलसम्बन्धी तथ्याङ्क आदानप्रदान, पूर्वानुमानयोग्य अनुदानमा आधारित जलवायु वित्त तथा छिमेकी र अन्तरराष्ट्रिय समुदायसँग व्यावहारिक सहकार्यलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्नुभयो।

एसियाको उदयलाई नेपालका लागि महत्वपूर्ण अवसरका रूपमा व्याख्या गर्दै उहाँले विश्वको करिब ६० प्रतिशत जनसङ्ख्या एसियामा रहेको र विश्व अर्थतन्त्रमा एसियाको ठूलो योगदान रहेको बताउनुभयो। मन्त्री खनालले काठमाडौंलाई एसियाको आर्थिक तथा सामाजिक रूपान्तरणको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्न सकिने बताउनुभयो। "हाम्रो प्रश्न अब दुई ठूला छिमेकीबीच नेपाल कसरी बाँच्ने भन्ने होइन। हाम्रो प्रश्न हो-नेपालले उनीहरूबीच र उनीहरूभन्दा बाहिर कसरी मूल्य सिर्जना गर्ने?" उहाँले भन्नुभयो।

गौतम बुद्धको जन्मस्थल लुम्बिनी तथा अरनिको र भृकुटीजस्ता राष्ट्रिय विभूतिले नेपाललाई एसियाली सभ्यता र संस्कृतिको महत्वपूर्ण सम्पर्कस्थल बनाएको उहाँको भनाइ थियो। "हाम्रा पुर्खाले एउटा स्पष्ट सत्य बुझेका थिए-सम्पर्कले समृद्धि सिर्जना गर्छ, अलगावले गरिबी बढाउँछ," मन्त्री खनालले भन्नुभयो।

नेपालको जलविद्युत् उत्पादन क्षमतालाई क्षेत्रीय आर्थिक रूपान्तरणसँग जोड्न सकिने उल्लेख गर्दै उहाँले स्वच्छ विद्युत् भारत हुँदै बङ्गलादेशसम्म निर्यात भइरहेको बताउनुभयो। सीमावर्ती विशेष आर्थिक क्षेत्रमा उत्पादन विस्तार गरी विश्वव्यापी आपूर्ति शृङ्खलालाई नेपालसँग जोड्न सकिने पनि उहाँले बताउनुभयो।

उत्तर छिमेकी चीनसँग नेपालको सहकार्यलाई व्यावहारिक, व्यावसायिक र दीर्घकालीन आधारमा अघि बढाउनुपर्ने बताउँदै मन्त्री खनालले सडक, सुरुङ, सुख्खा बन्दरगाह, हवाई सेवा, डिजिटल सम्पर्क र सीमापार रेलसहितको बहुआयामिक ट्रान्स-हिमालयन कनेक्टिभिटी विकास गर्नुपर्नेमा जोड दिनुभयो।

नेपालको भविष्य नेपाली जनताले निर्धारण गर्नुपर्ने भए पनि त्यसका लागि अन्तरराष्ट्रिय साझेदारीमा जोड दिँदै मन्त्री खनालले अमेरिका, युरोप, आसियान, ल्याटिन अमेरिका तथा अन्य साझेदारलाई नेपालमा लगानी, सहकार्य र साझेदारीका लागि स्वागत गर्नुभयो। रासस

## बजार खोज्दै धनगढी आइपुग्यो बाजुराको स्याउ



धनगढी । हिमाली जिल्ला बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका किसानले उत्पादन गरेको विषादीरहित अर्ग्यानिक स्याउ बिक्रीका लागि बिहीबार कैलालीको धनगढी आइपुगेको छ।

गाउँका किसानले उत्पादन गरेको स्याउ स्थानीय बजारमा खपत नभएपछि बजारीकरणका लागि धनगढी ल्याइएको स्वामीकार्तिक खापर गाउँपालिकाका-१ का स्याउ किसान दानबहादुर रावलले बताउनुभयो।

किसान रावलले लामो समयदेखि रुपाली कृषि फार्म नामक कृषि फार्म दर्ता गरी स्याउखेती गर्दै आउनुभएको छ। "व्यावसायिक रूपमा स्याउखेती गर्दै आउनुभएका रावलले स्याउको उत्पादन बढे पनि बजारको अभावमा किसान पीडामा छन्", उहाँले भन्नुभयो, "यहाँका धेरै किसानले स्याउखेती गरेका छन्, किसानका बगैँचामा स्याउ राम्रो फलेको छ, तर बिक्री नहुने भएपछि लगानी र मिहिनेत खेर जाने अवस्था देखिएपछि धनगढी ल्याएको हुँ।"

उहाँले आफू लगायत सात जना किसानको बगैँचामा उत्पादन भएको स्याउ सङ्कलन गरेर धनगढी ल्याएको बताउनुभयो।

किसानले उत्पादन गरेको स्याउ सुरक्षित राख्ने ठाउँ नहुँदा बारीमै कुहिने तथा सस्तोमा बिक्री गर्नुपर्ने अवस्था रहेको उहाँले दुःखेको थियो।

गाउँमा उत्पादन भएको स्याउको बजारको सुनिश्चतता, सङ्कलन केन्द्र, उचित मूल्य र शीतभण्डारको व्यवस्था भएको भए स्थानीय किसानको अर्थोपार्जनसँगै ठूलो राहत मिल्ने किसान रावलको भनाइ छ।

रावलले गाउँमा बिक्री गर्न असहज भएपछि कालीकोट, दैलेख, सुर्खेत हुँदै तीन दिन लगाएर करिब आठ टन रेड, रोयल र गोल्डेन जातका स्याउ धनगढी ल्याउनुभएको हो। स्याउको मूल्य प्रतिकिलोग्राम रु १२० रहेको छ।

रासायनिक विषादीको प्रयोग नगरी उत्पादन गरिएको यो स्याउ बजारमा उपलब्ध अन्य जातको स्याउभन्दा रसिलो, सस्तो र स्वादिष्ट रहेको पाइएको छ। रासस

# रसुवा नाका पुनः सञ्चालनका लागि चिनियाँ राजदूतसँग आग्रह

काठमाण्डु । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालसँग नेपालका लागि चिनियाँ राजदूत वाङ माओमिङले शिष्टाचार भेट गर्नुभएको छ । सिंहदरबारमा आज भएको भेटमा पूर्वाधारमन्त्री लम्सालले रसुवामा बाढीबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण तथा विकास, रसुवागढी केरुङनाका पुनः सञ्चालनलगायत विषयमा चीन सरकारको तर्फबाट आवश्यक सहयोगका लागि अनुरोध गर्नुभएको छ।

मन्त्री लम्सालले करिब छ लाख नेपाली नागरिकको राज्यसँगको सम्पर्क तथा सहज आवतजावत आवश्यक परेको बताउँदै कोरला तथा तातोपानीनाकाको प्रभावकारी सञ्चालनलगायत विषयमा चीन सरकारबाट आवश्यक समन्वयका लागि आह्वान गर्नुभयो।

"भोटेकोशीमा आएको बाढीका कारण नेपालको प्रमुख व्यापारिक नाका रसुवागढी बन्द भएको छ", उहाँले भन्नुभयो, "तत्कालका लागि पुरानै स्थानबाट अस्थायी सडक तथा यातायातको व्यवस्था मिलाएर स्थानीय नागरिकलाई राहत दिनेगरी नेपाल सरकारले दिनरात काम गरिरहेको छ।" उहाँले स्याफ्रुबेँसीबाट रसुवागढीसम्मको सडकखण्ड तत्काल सञ्चालनमा ल्याउन चीन सरकारको सहयोग आवश्यक रहेको बताउँदै सोका लागि सहयोग गर्न आग्रह गर्नुभयो।



मन्त्री लम्सालले काठमाडौँ-रसुवागढी केरुङनाकासम्मको दीर्घकालीन सडक पूर्वाधार विकासका लागि नयाँ विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी आवश्यक स्थानमा ट्र्याक खोल्ने कार्यमा समेत सरकार अघि बढेको जानकारी दिनुभएको छ । उहाँले सो कार्यमा चीन सरकारको सहयोग र समन्वयका लागि आग्रह गर्नुभएको छ।

भेटका क्रममा चिनियाँ राजदूत माओमिङले चीन नेपालको असल मित्र तथा छिमेकीका रूपमा रहेको भन्दै चीन सरकारले हरसम्भव सहयोग गर्न तयार रहेको बताउनुभयो । उहाँले नेपालको प्रमुख व्यापारिक केन्द्रका रूपमा रहेको रसुवागढीनाकाको पुनर्निर्माण तथा सञ्चालनका लागि विशेष अध्ययन गरी दीर्घकालीन र प्रभावकारी पूर्वाधार निर्माण गर्नुपर्ने धारणा राख्नुभयो।

राजदूत वाङले कोरला र तातोपानीनाका सञ्चालनका लागि चीन सरकार सकारात्मक रहेको जानकारी दिँदै रसुवागढीनाकाको पुनर्निर्माण तथा सञ्चालनका सम्बन्धमा नेपाल सरकारले विशेष प्रस्ताव पठाएमा आवश्यक समन्वय र सहयोगका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको मन्त्री लम्सालको सचिवालयले जनाएको छ। रासस

# चालीस मेगावाटको राहुघाट राष्ट्रिय प्रसारणमा

काठमाण्डु । चालीस मेगावाटको राहुघाट जलविद्युत् आयोजना राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर लिमिटेडले म्याग्दीमा निर्माण गरेको रघुगङ्गा गाउँपालिकामा निर्माण भएको आयोजनाका २०/२० मेगावाट क्षमताका दुईवटा युनिटबाट विद्युत् उत्पादन शुरु गरी बुधबारदेखि राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको हो।

आयोजनाबाट उत्पादित विद्युत् कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गरिएको छ।

आयोजना र नेपाल विद्युत् प्राधिकरणबीच भएको विद्युत् खरिद-बिक्री सम्झौताअनुसार अब परीक्षण उत्पादन घोषणा गरिनेछ । परीक्षण १५ दिनसम्म भएपछि आयोजनाबाट व्यावसायिक विद्युत् उत्पादन सुरु हुने बताइएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक एवं रघुगङ्गा हाइड्रोपावर लिमिटेडका सञ्चालक समितिका अध्यक्ष दीर्घायुकुमार श्रेष्ठले कमजोर तथा जटिल भौगोलिक अवस्था, कोभिड-१९ महामारी, बाढीलगायतका चुनौतीका बाबजुद निरन्तरको प्रयासबाट आयोजना निर्माण सम्पन्न गरिएको बताउनुभयो।

उहाँले विद्युत्को उच्च माग हुने साँझको समयमा दैनिक दैनिक चार घण्टा पूर्ण क्षमतामा सञ्चालन गर्न सकिने भएकाले सुक्खायाममा विद्युत् माग व्यवस्थापनमा आयोजनाले महत्वपूर्ण योगदान पुर्याउने उल्लेख गर्नुभयो।




आयोजनाबाट वार्षिक २४ करोड ७९ लाख युनिट विद्युत् उत्पादन हुनेछ। कूल वार्षिक ऊर्जामध्ये करिब ३४ प्रतिशत विद्युत् सुक्खायाममा उत्पादन हुनेछ । निर्माण अवधिको ब्याजबाहेक आयोजनाको अनुमानित लागत रु नौ अर्ब १७ करोड छ।

आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरण लगानी र भारतको एक्जिम बैंकको लाइन अफ क्रेडिटअन्तर्गत प्राप्त सहुलियतपूर्ण ऋणबाट वित्तीय व्यवस्थापन गरिएको हो।

आयोजनाको सिभिल संरचना तथा हाइड्रोमेकानिकल कार्य इन्जिनियरिङ, खरिद तथा निर्माण (इपिसी) ढाँचामा गर्न जयप्रकाश एसोसिएट्स लिमिटेड, भारतसँग ५ मङ्सिर २०७४ मा ठेक्का सम्झौता गरिएको थियो।

उक्त सम्झौता १० जेठ २०७५ देखि कार्यान्वयनमा आएको हो । इलेक्ट्रोमेकानिकल कार्यका लागि भारत हेभी इलेक्ट्रिकल लिमिटेडसँग २८ असोज २०७६ मा ठेक्का सम्झौता गरिएको थियो।

आयोजनाको निर्माण सुपरीवेक्षण वाप्कोस लिमिटेड, भारतले गरेको हो । प्राधिकरणले सुरु गरेको राहुघाट जलविद्युत् आयोजनाको प्रारम्भिक क्षमता ३२ मेगावाट थियो।

निर्माणका क्रममा निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन देखिएपछि ठेक्का रद्द गरिएको थियो।

त्यसपछि आयोजनाको क्षमता बढाएर ४० मेगावाट कायम गरी प्राधिकरणको सहायक कम्पनीमार्फत कम्पनी मोडेलमा निर्माण गर्ने निर्णय गरिएको थियो ।रासस

# १० मै 'जात्रा केयर' बीमा, २ लाख ३० हजार रुपैयाँसम्मको सुरक्षा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको अग्रणी डिजिटल वालेट इसेवाले जात्रा पर्वलाई सुरक्षित र उत्साह पूर्णरूपमा मनाउन 'जात्रा केयर' बीमा योजना सार्वजनिक गरेको छ । हिमालयन एभरेस्ट इन्स्योरेन्ससँगको सहकार्यमा ल्याइएको यो बीमा योजना मात्र १० रुपैयाँमा उपलब्ध हुनेछ।




असोज ७ गतेदेखि असोज १३ गतेसम्म ७ दिन लागू हुने यस योजनाले जात्रा मनाउने क्रममा हुनसक्ने आकस्मिक दुर्घटनाबाट उत्पन्न आर्थिक जोखिम न्यूनीकरण गर्न सहयोग गर्नेछ । बीमा योजना अन्तर्गत कुल २ लाख ३० हजार रुपैयाँसम्मको सुरक्षा प्रदान गरिने छ, जसमा दुर्घटना बीमा अन्तर्गत २ लाख २० हजार रुपैयाँ र अस्पताल खर्च सहायता अन्तर्गत १० हजार रुपैयाँको सुविधा उपलब्ध हुनेछ।

जात्रा पर्व उत्साह, उमंग र सांस्कृतिक परम्परासँग जोडिएको भए पनि भीडभाड तथा आवतजावतका क्रममा विभिन्न आकस्मिक दुर्घटनाको जोखिम रहन सक्छ । यस्ता जोखिमबाट हुनसक्ने आर्थिक भारलाई केही हदसम्म कम गर्न 'जात्रा केयर' बीमा योजना उपयोगी हुने इसेवाले जनाएको छ । यो बीमा योजना इसेवा एप मार्फत सहजै खरिद गर्न सकिने छ।

इसेवाले जात्रा पर्वलाई सुरक्षित, मर्यादित र उल्लासमय रूपमा मनाउन सबैलाई सचेत रहन आग्रह गर्दै 'जात्रा केयर' बीमा योजनाको लाभ लिन अनुरोध गरेको छ।

## विश्व फार्मासिस्ट दिवस: औषधिको सुरक्षित प्रयोगमा फार्मासिस्टको भूमिका महत्वपूर्ण

काठमाण्डु । शुक्रबार विश्व फार्मासिस्ट दिवस । 'स्वस्थ भविष्यका लागि फार्मासिस्टलाई सशक्त बनाऔँ' भन्ने नाराका साथ विश्वभर यो दिवस मनाइँदै छ।

औषधि उपलब्ध गराउने मात्र होइन, यसको सुरक्षित, सही र उचित प्रयोग सुनिश्चित गर्दै बिरामीलाई आवश्यक जानकारी र परामर्श प्रदान गर्न फर्मासिस्टहरुको भूमिका महत्वपर्ण रहँदै आएको छ।

दिवसको अवसरमा औषधि व्यवस्था विभागले शुभकामना सन्देश व्यक्त गर्दै फार्मासिस्टको योगदानलाई थप प्रभावकारी बनाउँदै औषधि तथा स्वास्थ्य सेवाको गुणस्तर, सुरक्षा र पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ।

विभागका महानिर्देशक भरत भट्टराईले नेपालमा सुरक्षित, प्रभावकारी र गुणस्तरीय औषधिको पहुँच सुनिश्चित गर्न फार्मासिस्टको भूमिका महत्वपूर्ण रहेको बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "फार्मासिस्टको ज्ञान, सीप, व्यावसायिक आचरण र सेवामुखी दक्षता निरन्तर अभिवृद्धि गर्नुपर्छ।" रासस

# अलैँची टिप्न र सुकाउन व्यस्त छन् भोजपुरका किसान

भोजपुर । भोजपुरका ग्रामीण क्षेत्रका किसानलाई यतिबेला कालो सुनका नामले चिनिने अलैँची टिप्न, केलाउन र भट्टीमा सुकाउन भ्याइनभ्याइ छ । भदौ, असोज र कात्तिक महिना अलैँची टिप्ने तथा प्रशोधन गर्ने मुख्य सिजन भएकाले किसानको दैनिकी यतिबेला अलैँची बगान र भट्टीमै बित्ने गरेको छ।

परिपक्व भइसकेको अलैँची समयमै नटिपे वन्यजन्तुले नोक्सान पुर्याउने र झरेर गुणस्तर घट्ने जोखिम हुने भएकाले किसान बिहानैदेखि समूह बनाएर बगानतिर जाने गर्छन् । पौवादुङमा गाउँपालिका-५ का स्थानीय किसान टेकेन्द्र राईका अनुसार अहिले गाउँका किसान अलैँची टिप्न, सुकाउन तथा भण्डारण गर्न व्यस्त छन् । दिनभर अलैँची टिप्ने, केलाउने र भट्टीमा सुकाउने काममै बित्ने गरेको उहाँ बताउनुहुन्छ।

बेँसी क्षेत्रका किसानहरू यो समयमा प्रायः अलैँची बारीमै भेटिने गर्छन् । आफूले करिब आठ रोपनीमा विस्तार गरेको बगानबाट यो वर्ष झन्डै तीन मन अलैँची उत्पादन भएको उहाँले जानकारी दिनुभयो । अहिले गाउँघरमै प्रतिमन (४० किलो) रु ८० हजारका दरले अलैँची बिक्री भइरहेको किसान राईले बताउनुभयो । "यतिबेला अलैँची टिप्ने र सुकाउने सिजन छ", उहाँले भन्नुभयो।



तल्लो र बेँसी भेगमा अलैँची केलाएर सुकाउने काम अन्तिम चरणमा पुग्न लागे पनि चोलन्ती, खावा, तिम्मालगायत माथिल्लो तथा कछाड क्षेत्रमा भने बल्ल टिप्ने सिजन सुरु हुन लागेको टेम्केमैयुङ गाउँपालिका-५ का किसान लालबहादुर विष्टले जानकारी दिनुभयो।

विष्टका अनुसार यहाँका किसानले भदौदेखि कात्तिकसम्म अलैँची टिप्ने र सुकाउने गर्छन् । उहाँले आफूले नयाँ र पुरानो बगान गरी करिब ४० रोपनीमा खेती गर्दै आएको बताउनुभयो।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत कार्यक्रम कार्यान्वयन एकाइ (सङ्खुवासभा), जोन प्राविधिक एकाइ (भोजपुर)मार्फत जिल्लामा अलैँची सुपर जोन सञ्चालन भइरहेको छ। जोन प्राविधिक एकाइ भोजपुरकी प्रमुख कौशिला विष्टका अनुसार भोजपुरका नौमध्ये सात स्थानीय तहका ३५ वटा वडा सुपर जोन कार्यक्रममा समेटिएका छन् । पछिल्लो समय अलैँचीमा किसानको आकर्षण बढेकाले प्रोत्साहनका लागि अनुदान कार्यक्रम सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो।

सरकारी तथ्याङ्कअनुसार भोजपुरमा हाल करिब ५९७ हेक्टरमा अलैँचीको व्यावसायिक खेती भइरहेको छ । जिल्लाको षडानन्द नगरपालिका, टेम्केमैयुङ, पौवादुङमा, आमचोक, अरुण र साल्पासिलिछो गाउँपालिकालगायतका क्षेत्र अलैँचीका प्रमुख पकेट क्षेत्र हुन्।

अलैँची ओसिलो, खोलाखोल्सी तथा भिरालो जमिनमासमेत सजिलै सप्रिने भएकाले किसानले पाखा र खोलाका किनारमा अलैँची विस्तार गरेका छन् । यहाँ रामशाही, गोलशाही, डम्बरशाही र जिर्मले जातका अलैँची बढी उत्पादन हुन्छ । वैदेशिक रोजगारी र अन्य खेतीको तुलनामा अलैँचीखेतीबाट राम्रो आम्दानी हुने भएकाले अलैँची ग्रामीण भेगका बासिन्दाको मुख्य आयस्रोत बनेको छ । विगतका वर्षको तुलनामा बजार मूल्यमा आएको सुधारले भोजपुरका किसानमा थप उत्साह थपिएको छ। रासस


## भूमि प्रशासन कार्यालय, गौर, रौतहट

### हक कायम सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

भारत बिहार राज्य जिल्ला पूर्वी चम्पारण प्रखण्ड ढाका महंगुवा वडा नं.-१ मा बस्ने स्व.ज्ञानचन साहको नाति स्व.जुगुल साह बनियाको छोरा राम रिझन साह ऐ.ऐ.बस्ने स्व.जुगुल साह बनियाको नाति स्व.जनार्दन साहको छोरा विश्वनाथ साहले आफ्नो बबा/बाजे नाता पर्ने जुगुल साहको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गा.वि.स.मठिया वार्ड नं.७ कित्ता नं.२५३ को ज.वि.०-६-१० दर्ता कायम रहेको जग्गाको हक कायम नामसारी गरी जग्गा वेच विखन गरी पाउँ भनी द.नं.१५४७८ मिति २०८३/०२/२९ गतेको माँग निवेदन आएकोमा ज.ध.जुगुल सा.बनियाको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै दर्तावालमा जुगुल सा बनिया जि.पूर्वी चम्पारण थाना ढाका महंगुवा मात्र उल्लेख रहेको भनी मोठ फाँटबाट लेखिएको साथै ग्राम कचहरी, तेलहरा काला प्रखण्ड ढाका पूर्वी चम्पारणको चलानी नं.१० मिति-२२/०२/२०२५ गतेको सिफारिस साथै ईशनाथ ना.पा.-४ को चलानी नं.१२३३ मिति-२०८३/०२/१८ गतेको हकभोग सिफारिसमा दर्तावाला जुगुल सा बनिया आफ्नो कालगतिबाट विगत ई.स.१२/०३/१९९० मृत्यु भै निजको हकखाने हकदार एकमात्र पत्नि १ मात्र पत्नि स्व.जानकी देवी ई.स.०१/०३/१९८५ गतेमा प्रलोक भई निजको हकखाने हकदार २ मात्र छोरा जेठा छोरा जनार्दन साह र कान्छा राम रिझन साह रहेकोमा जनार्दन साह आफ्नो कालगतिले मिति ई.स.०५-०९-२००८ मा प्रलोक भई निजको मृत्यु पछिहकभोग खाने हकदार १ एक मात्र छोरा विश्वनाथ साह रही छोरा/नाती नाता पर्ने राम रिझन साह तथा विश्वनाथ साहको नाउँमा हक कायम नामसारी गरिदिने सिफारिस सिफारिस भै आएकोमा सो जग्गाको हक कायम नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति-२०८३/०६/०८ गतेको आदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही हकदार भए, अन्य कसैलाई असर पर्ने भए वा हक कायम हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको बारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम हक कायम भै जाने छ।

तपसिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कि. नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | मठिया | ७ | २५३ | ०-६-१० | जुगुल सा बनिया जि.चम्पारण थाना ढाका महंगुवा |

# कांग्रेसका केन्द्रीय सदस्यकै वडामा वडाअधिवेशन भएन



**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकामा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा केन्द्रीय अनुशासन समिति सदस्यकै वडामा अधिवेशन हुन सकेको छैन।

कांग्रेस संस्थापन समूहले १५ औँ महाधिवेशन अघि अधिवेशन अन्तर्गत जलेश्वर नगरपालिका वडा नम्बर ५ पर्सा पतैलीमा वडा अधिवेशनको अझै टुंगो लाग्न नसकेको कांग्रेसका क्षेत्रीय सचिव दिलिप चौधरीले जानकारी दिए। उनले कांग्रेस केन्द्रीय सदस्य तथा केन्द्रीय अनुशासन समिति सदस्य बजरङ नेपालीले वर्तमान वडा सभापति सरोज चौधरीलाई नै निरन्तरता दिनुपर्ने अडान राखेपछि अधिवेशन प्रक्रियामा सहमति जुट्न नसकेको बताए।

केन्द्रीय सदस्य नेपालीले चौधरीलाई पुनः सभापतिमा निरन्तरता दिनुपर्ने पक्षमा अडान लिएपछि रामविनय राउत शर्मा पक्षले भने लोकतान्त्रिक प्रक्रियाअनुसार निर्वाचनमार्फत नेतृत्व चयन गर्नुपर्ने माग अघि सारेपछि सो अधिवेशन विवादित बनेको हो।

वडा नेतृत्व चयनमा सहमति कायम हुन नसक्दा नगर अधिवेशन समेत अन्योलमा परेको छ। क्षेत्रीय सचिव चौधरीले जलेश्वर नगरपालिकाको वडानं. ५ बाहेक क्षेत्रनं. ३ मा सबै ठाउँमा सर्वसम्मतीमा वडाअधिवेशन भइसकेको र नगर अधिवेशनको तयारी भइरहेको बताए।

स्थानीय युवा आतिश तिवारीले पार्टीभित्रै लोकतान्त्रिक विधि र प्रतिस्पर्धाको अभ्यासलाई प्राथमिकता दिनुपर्ने भन्दै निर्वाचनको माग गर्ने पक्षले कुनै एक व्यक्तिलाई सर्वसम्मत रूपमा निरन्तरता दिने प्रयास स्वीकार्य नहुने धारणा राखेको कारण वडा अधिवेशन हुन नसकेको बताए।

केन्द्रीय तहमा अनुशासन र लोकतान्त्रिक प्रक्रियाको पैरवी गर्ने नेताको आफ्नै वडामा नेतृत्व चयन प्रक्रिया विवादित हुनुले यसक्षेत्रमा कांग्रेस कार्यकर्तामाझ चासोको विषय बनेको छ।

महोत्तरी जिल्लामा नेपाली काँग्रेसको १५ वटा पालिकाको १३८ वटा वडाहरुमध्ये तिन दिन अगाडी नै १३७ वडामा सर्वसम्मतिमा वडा अधिवेशन सम्पन्न भइसकेको र अन्य ठाउँमा पनि मतदान अधिकृतहरुले सहमतिको प्रयासबाट वडाअधिवेशन सम्पन्न गरेको नेपाली काँग्रेसका नेता सुशिल यादवले बताए।

जिल्लामा बुधबार साँझसम्म गौशाला र मटिहानी नगरपालिकामा नगरस्तरीय अधिवेशन भइसकेको भने शुक्रबार पनि वडा अधिवेशन जारी नै रहेको जनाइएको छ। गौशालामा राजकुमार श्रेष्ठको सभापतित्वमा समिति चयन गरिएको छ भने मटिहानीमा मदन चौधरीको सभापतित्वमा समिति चयन भएको बताइएको छ।

# अपराध जघन्य, कारबाहीमा भने छुट

ब्लग :



श्यामसुन्दर शशि

१. भदौ पहिलो साताबारा जितपुर सिमरा उपमहानरपालिका- १ दसधुरीकी ३ वर्षीया गरिमा चौधरीको बलात्कारपछि हत्या भयो। जितपुर सिमरा उपमहानगरपालिका-१ भक्तिनगरस्थित वीर बहादुर रोकाको खाली घरमाशव फेला पऱ्यो । घटनामा संलग्न रहेको आरोपमा जितपुर सिमरा उपमहानगरपालिका-२ का १६ वर्षीय किशोरलाई पक्राउ गरियो । बारा जिल्ला अदालतले उनलाई पुर्पक्षको लागिबाल सुधार गृहमा पठाउने आदेश सुनायो।

२ यस अघि बैतडीको दोगडाकेदार गाउँपालिकाकी १७ वर्षीया किशोरी भागरथी भट्टको बलात्कार र हत्या भएको थियो। प्रहरी अनुसन्धानबाट सोही विद्यालयमा पढ्ने एक १७ वर्षीय किशोर (नाबालक) को संलग्नता पुष्टि भएको थियो। ती किशोरले रिसिइबी र प्रतिशोध साँध्नका लागि सो जघन्य अपराध गरेको स्वीकारेका थिए। आरोपीलाई बाल सुधार केन्द्र पठाइयो।

३, २०८१ चैतमा अछामको ढाकारी गाउँपालिका-८ मा १४ वर्षीया ईश्वरा खड्का र १५ वर्षीया सरस्वती खड् काको विभत्स हत्याभएको थियो । प्रहरी अनुसन्धानका क्रममा प्रेम सम्बन्धमा रहेका दुई जना १८ वर्षमुनिका किशोरहरूले शारीरिक सम्बन्ध राख्न अस्वीकार गरेपछि उनीहरूको हत्या गरेको खुलेको थियो । अदालतले उनीहरूलाई डोटीस्थित बाल सुधार गृहमा पठाउन आदेश दिएको थियो।

४ काभ्रेको बनेपा बसपार्क नजिकै सामान्य विवाद र चोरीको आरोप लगाएको झोकमा सडक बालबालिकाहरूको समूह मलेर दुई जना महिलाको कञ्चट र छातिमा प्रहार गरी क्रूरतापूर्वक हत्या गरेका थिए। पक्राउ परेका नाबालकहरूले रिसको झोकमा उक्त जघन्य अपराध गरेको स्वीकार गरेका थिए। ती नाबालिकहरुलाई पनि बाल सुधार केन्द्र पठाइयो।

५, २०८२ सालमा जाजरकोटमा एक १२ वर्षीय बालकले ३ वर्षीया बालिकालाई जबर्जस्ती करणीको प्रयास गरी हत्या गरेका थिए। उमेर अत्यन्तै सानो (१४ वर्ष मुनि) भएका कारण कानुनी प्रावधान अनुसार उनलाई अभिभावकको जिम्मा लगाइएको थियो।



६, २०८२ सालमै कैलालीमा एक १४ वर्षीय बालकले ७ वर्षीया बालिकामाथि जबर्जस्ती करणी गरेको आरोपमा पक्राउ परेका थिए। उनलाई पनि बाल सुधार केन्द्र पठाइयो।

माथिका यी प्रतिनिधि घटनाहरुले आम नेपालीको मन मुटुमा एउटा सबाल खडा गरेको छ-मोटर सायकल, ई-रिक्सा, चार प्यांग्रे गाडी चलाउन सक्ने, सहचालकको रुपमा काम गर्न सक्ने, व्यावसाय र मजदूरी गर्न सक्ने, प्रेम सम्बन्ध बनाउन सक्ने, सहवास गर्न सक्ने, आवश्यक परे हत्यासम्म गरेर शव व्यवस्थापन गर्न सक्ने तर उमेरको हिसाबले १८ वर्ष मुनिका भएकै कारण दण्ड सजायबाट मुक्ति पाउने ? न्याय संगतहो कि होइन ?

बारा जीतपुर सिमराकी तीन वर्षिया बालकसंग भएको बलात्कार र हत्याको घटनापछि यो मुद्दा राष्ट्रिय वहसको विषय बनेको छ। १८ वर्ष मुनिका किशोर भनौं वा युवकहरु जस्तो सुकै अपराध गर्दा पनि अभिभावकको जिम्मा लगाउनु पर्ने, पुर्पक्षमा राख्नु परे सुधार केन्द्रमा राखिनु पर्ने अनि दोषी नै ठहर भए पनि उमेर समूह अनुसार, आधा वा सो भन्दा पनि थोरै सजाय काट्नु पर्ने कानूनमा परिमार्जन आवश्यक छ कि छैन ?

तर यस विषयलाई बुझ्न, बालबालिका सम्बन्धी ऐन २०७५ बारे बुझ्नु आवश्यक हुन्छ । ऐनको प्रस्तावनामा लेखिएको छ- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिका सम्बन्धी ऐन ल्याइएको हो। तर सवाल उठ्छ- बलात्कार गरेर हत्या गरिएकी गरिमा चौधरी तीन वर्षकी मात्र थिइन् र आरोपी १६ वर्षका। जाजरकोटमा बलात्कार पछि हत्या गरिएकी चेली तीन वर्षकी मात्र थिइन् र आरोपी १२ वर्षका। यो ऐन गरिमाहरुको हक अधिकारलाई सम्बोधन गर्ने कि नगर्ने ??

बालबालिका सम्बन्धी ऐन २०७५ को परिच्छेद ४ को बुंदा ३६ मा सजाय सम्बन्धी व्यवस्था छ। जसमा उमेर समूह अनुसार सजायको कानुनी प्रावधान छ। १० वर्ष मुनिका बालबालिका माथि कुनै पनि सजाय वा कानुनी कारबाही नहुने व्यवस्था छ भने १० देखि १४ वर्ष उमेर समूहका बालबालिकाको हकमा कैद सजाय नहुने तथा बढीमा ६ महिना बाल सुधार गृह वा अभिभावकको जिम्मामा बस्नु पर्ने व्यवस्था छ। १४ देखि १६ वर्ष उमेर समूहका हकमा वयस्कलाई हुने सजायको आधी (५० प्रतिशत) मात्र सजाय हुने तथा १६ देखि १८ वर्ष उमेर समूहको हकमा वयस्कलाई हुने सजायको दुई-तिहाइ (६६ प्रतिशत) सजाय बाल सुधार गृहमा काट्नु पर्ने व्यवस्था छ।

पछिल्ला दिनहरुमा १८ वर्ष मुनिका उमेर समूहका नाबालिक (?) द्वारा घटाइने आपराधिक घटनाहरुको संख्या निरन्तर बढ्दो छ। नेपाल बालअधिकार परिषद्को तथ्यांक अनुसार, आर्थिक वर्ष २०८१-०८२ मा नेपालमा ३ हजार ३ सय ७९ बालबालिका सम्मिलित घटना घटित भएका थिए ती मध्ये ९१ प्रतिशत घटनामा १४ देखि १८ वर्ष उमेर समूहका नाबालकहरु आरोपी थिए । अधिकांश आरोपीहरु माथि हत्या, बलात्कार जस्ता गम्भीर आरोप लागेको थियो।

चोरी, डकैती, लागू औषधि, हत्या तथा बलात्कार अनि बलात्कार पछि हत्या अपराधका फरक फरक विषय हुन्। बलात्कार योजनावद्ध घटना हो। जसमा शरीर र मन दुबै एकाकार हुन्छ।

सामान्यतया यस्ता घटनाहरु लहै लहैमा वा कसैको बहकावामा गरिदैन। योजनावद्ध तरिकाले गरिन्छ। खासमा स-साना नानीहरुसंग घटाइने बलात्कारका घटनाहरुमा सामान्यतया आफ्न्त र चिनजानका छिमेकीहरुको संलग्नता हुने गरेको देखिन्छ। यस्ता घटनालाई रोक्न सामाजिक सचेतनासंगै कानूनी प्रावधानमा पनि सुधारको आवश्यकता छ।

# दलित समुदायको थरहरु सूचीकृत, मधेशीतर्फ २१ जाति समेटिए

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सरकारले पहाडि तथा मधेशी दलित समुदायको आधिकारिक परिभाषा तय गर्दै उनीहरूले प्रयोग गर्ने थरहरूको विस्तृत सूचीकरण गरी राजपत्रमा प्रकाशित गरेको छ।

राजपत्रमा दलित समुदायलाई मुख्यतया पहाडी दलित र मधेशी दलित गरी दुई भागमा वर्गीकरण गरी उनीहरूले प्रयोग गर्ने थर तथा उपथरहरूको विस्तृत सूची समावेश गरिएको छ।

राष्ट्रिय दलित आयोगको सिफारिस बमोजिम मन्त्रिपरिषद्को बैठकले दलित समुदायको परिभाषा र थर सूचीकरण सम्बन्धी विवरण स्वीकृत गरेको थियो । त्यसलाई महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले राजपत्रमा प्रकाशन गरेको हो।

प्रकाशन गरिएको सो सूचीमा केही त्रुटिप्रति आपति जनाइएको छ। नागवंशी थरलाई मधेशी दलिततर्फ चमार जातिमा राखिएकोप्रति पत्रकार उपेन्द्रभगत नागवंशीले आपति जनाएको हो। उनले भने आफूको वंशज नागजातिको रहेकामा नयाँ सूचीमा चमार जातिमा राखिनु गलत हो।



हुनत सरकारले राजपत्रमार्फत दलित समुदायको स्पष्ट परिभाषा सार्वजनिक गरेको छ। जसमा भनिएको छ - 'विगतमा वर्णाश्रम व्यवस्थाका आधारमा अछुतको व्यवहार गरिएका, आर्थिक, राजनीतिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, रोजगारी लगायत राज्यको समग्र क्षेत्रबाट उत्पीडन, अपमान, बहिष्करणमा पारिएका, श्रम, सीप र कलाका माध्यमबाट राज्य निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएका ऐतिहासिक श्रमजीवी समुदाय सम्झनुपर्दछ।'

पहाडी दलित समुदायका पहाडी दलित अन्तर्गत विभिन्न ७ वटा प्रमुख समुदाय र गैरदलितसँग मिल्ने थरहरू सूचीकृत छन्। विश्वकर्मा समुदायतर्फ कामी, लोहार, सुनार, टमटा, गदाल, वड, बर्देवा, रसाइली, विश्वकर्मा, पोर्तेल, दियाली लगायत ३४८ थरहरू।

परियार समुदायतर्फ दमाई, दर्जी, सूचिकार, नगर्ची, तिरुवा, बैज, सुन्दास, परियार लगायत २७१ थरहरू। मिजार समुदायमा सार्की, चमार, रोक्का, तोलाङ्गे, भुल, मंगराती, गोतामे लगायत २२९ थरहरू र वादी समुदायका नेपाली, बैकार, भाट, रावल, वैश्य, बादी लगायत ३७ थरहरू राखिएका छन्।

यस्तै गन्धर्व समुदायका गायन, गायक, कालोपौडेल, मेघनाथ, सुर, रसाइली लगायत १६ थरहरू, च्यामे समुदायः कुचिकार, च्यामेखल, च्यामे, सुइफर, पोडे समुदायका जलारी, जालनधर, देउला, पुजारी, पोडे।

पहाडी दलितले प्रयोग गर्ने गैर-दलितसँग मिल्ने थरहरू खड्का, अधिकारी, थापा, पाण्डे, खनाल, शर्मा, दाहाल, पोखरेल लगायतका २१४ वटा थरहरूलाई पनि स्पष्टताका लागि अलग्गै सूचीकृत गरिएको छ।

यता मधेशी दलित समुदायतर्फ मधेशी दलित अन्तर्गत २१ वटा विभिन्न जातिरसमुदाय र तिनले प्रयोग गर्ने थरहरू समेटिएको छ । प्रमुख समुदायहरू चमार, मुसहर, दुसाध (पासवान), तत्मा, खत्वे, धोबी, बाँतर, कोरी, डोम, खटिक, नटुवा, ढाँढी, चिडिमार, ककैहिया, कलर, धन्कार, पासी, मेस्तर, सरभङ्ग, उराँव जातिलाई समेटेको छ।

मधेशी दलितले प्रयोग गर्ने तर गैर-दलितसँग समेत मिल्ने गौतम, चौधरी, यादव, मण्डल, महतो, सिंह, राय, दास लगायतका ४२ वटा थरहरूलाई पनि वर्गीकरण गरी प्रस्ट पारिएको छ। राज्यबाट दलित समुदायका लागि प्रदान गरिने आरक्षण, छात्रवृत्ति, सामाजिक सुरक्षा भत्ता तथा अन्य लक्षित सेवा-सुविधा प्राप्त गर्न थर र पहिचानलाई लिएर विगतमा हुँदै आएको अन्योल चिर्न यो सूचीकरणले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

गैर-दलितसँग थर जुधेर सुविधा पाउनबाट वञ्चित हुने तथा नक्कली दलित बनेर सुविधा लिने प्रवृत्तिलाई नियन्त्रण गर्न समेत यसले सघाउ पुऱ्याउने विश्वास गरिएको छ। मन्त्रालयका सचिव कृष्णबहादुर राउतको आदेशानुसार यो सूचना राजपत्रमा प्रमाणित गरी लागू गरिएको हो।

# दलित कोटामा गैर दलित सिफारिस बारे आयोगले मागे विवरण

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश लोक सेवा आयोगबाट दलित समुदायका लागि आरक्षित पदमा गैर दलित 'सहनी' थरका उम्मेदवार छनोट भएको विषयमा छानबिन गरी सही तथ्य खुलाउन राष्ट्रिय दलित आयोगले माग गरेको छ।





राष्ट्रिय दलित आयोगको अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखाले मधेश प्रदेश लोक सेवा आयोगलाई दलिततर्फको आरक्षित पदमा गरिएको सिफारिसका सम्बन्धमा आवश्यक विवरण उपलब्ध गराई दिन भनी शुक्रवार पत्राचार गरेको हो।

बारा जिल्लाको विश्रामपुर गाउँपालिका-९ का लालकुमार पासवानले दिएको निवेदनका आधारमा आयोगले विवरण माग गरेको जनाइएको छ । पासवानले मधेश प्रदेश लोक सेवा आयोगको विज्ञापन नं. ५४७/२०८२-८३ अन्तर्गत स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, अधिकृतस्तर सातौं (प्राविधिक) तहको दलिततर्फको लिखित परीक्षाको नतिजा प्रकाशनपछि उम्मेदवार सिफारिसप्रति प्रश्न उठाएका छन् । लिखित परीक्षाको नतिजामा क्रमसंख्या २७ मा राम पुकार सहनी छनोट भएको उल्लेख गर्दै निवेदकले 'सहनी' थर दलित समुदायभित्र नपर्ने भएकाले उम्मेदवारको सिफारिस रद्द गर्न माग गर्दै आएका छन्।

निवेदनमा तराई-मधेशका दलित समुदाय सम्बन्धी राष्ट्रिय दलित आयोगको पूर्व निर्णयसमेत उल्लेख गरिएको छ। आयोगले पत्रमा पटवा, बिन (मुसहरिया), मलाह (सहनी), लोहार र गोढिया थर दलित जातिभित्र नपर्ने सम्बन्धमा आयोगको निर्णय तथा यसअघि सबै प्रदेश लोक सेवा आयोगमा गरिएको पत्राचारबारे समेत जानकारी गराएको छ।

राष्ट्रिय दलित आयोगले २०८३ वैशाख ७ गतेको निर्णय तथा २०८२ पुस १० गतेको पत्राचारलाई समेत आधार बनाउँदै उक्त विषयमा मधेश प्रदेश लोक सेवा आयोगबाट के-कस्तो प्रक्रिया अपनाइएको हो भन्नेबारे स्पष्ट विवरण माग गरिएको राष्ट्रिय दलित आयोगको अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखाका शाखा अधिकृत गोपाल श्रेष्ठले जनाएको छ।

आयोगले सम्बन्धित विज्ञापन, उम्मेदवार छनोट तथा सिफारिसको आधारलगायत विषयमा वास्तविकता खुलाइ पठाउन मधेश प्रदेश लोक सेवा आयोगलाई आग्रह समेत उनले बताएका छन। यसअघि मधेश प्रदेशका दलितको क्षेत्रमा काम गर्दै आएका संघ संस्था तथा दलित अभियन्ताहरुले पनि आपत्ति जनाउँदै घोर भर्त्सना गर्दै ती सिफारिस रद्द गर्न माग गरेका थिए।

# जनमतको दोस्रो महाधिवेशन वीरगञ्जमा हुने

**टुडे समाचारदाता**

वीरगञ्ज। जनमत पार्टीको दोस्रो महाधिवेशन यही असोज १७ गते विरगञ्जमा हुने भएको छ। यही असोज ९ र १० गते वीरगञ्जस्थित टाउनहलमा आयोजना हुने भनिएको दोस्रो महाधिवेशन वर्षातका कारण स्थगित गरिएको जनाइएको छ।





केही दिनदेखि लगातार भइरहेको वर्षा तथा आगामी दिनमा भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमानलाई मध्यनजर गर्दै स्थगित गरी असोज १७ गते शनिबारका लागि तय गरिएको पार्टीका प्रवक्ता चन्दन सिंहले जानकारी दिए।

प्रतिकूल मौसमका कारण देशभरबाट वीरगञ्ज आउने प्रतिनिधि, नेता तथा शुभेच्छुकको यात्रा र व्यवस्थापनमा कठिनाइ हुन सक्ने देखिएपछि महाधिवेशनको तालिका परिवर्तन गरिएको प्रवक्ता सिंहले बताए। जनमत पार्टीद्वारा जारी गरिएको विज्ञप्तिमा भनिएको छ, "प्रतिकूल मौसमको पूर्वानुमान रहेकाले महाधिवेशनको तयारी पूरा भइसके पनि सहभागीको सुरक्षा र सहज आवागमनलाई ध्यानमा राख्दै असोज १७ गतेका लागि नयाँ मिति तय गरिएको छ।"

यस अघि जनमत पार्टीले दोस्रो महाधिवेशन असोज ९ र १० गते वीरगञ्जमा गर्ने तयारी अनुसार महाधिवेशन अन्तर्गत अध्यक्ष सहित विभिन्न केन्द्रीय पदका लागि उम्मेदवारी दर्ता प्रक्रिया अघि बढाइएको थियो। तर अब परिमार्जित तालिका अनुसार पार्टीको दोस्रो महाधिवेशन हुने भएको छ।

**बिल लिने दिने बानी बसालौं**

- बिल-बिजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रुपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मुल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मुल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**मधेश कृषि विश्वविद्यालय**
राजविराज न.पा.-३, सप्तरी

कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा आवेदन फाराम भर्ने म्याद पुन: थप सम्बन्धी



**सूचना**

मिति २०८३/०५/१६ गतेको सूचना अनुसार यस मधेश कृषि विश्वविधालय कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०८३/८४, चार वर्षे कृषि स्नातक तह (B. Sc. Ag. Hons.) मा बिद्यार्थी भर्नाका लागि मिति २०८३/०५/१६ गते देखि मिति २०८३/०५/३१ गते दिन बुधबारसम्म आवेदन फारम भर्ने म्याद थप रहेकोमा Online आवेदन फारम भर्ने म्याद मिति २०८३/०६/१५ गते बिहिवार राति १२:०० बजेसम्मका लागि पुन:थप गरिएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गराईन्छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८